ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क ७, २०८० मङ्सिर, पूर्णाङ्क २११

जय श्रीमुक्तिनाथ
श्रीमते रामानुजाय नमः
जय श्रीमन्नारायण
अनन्तश्री ब्रह्माण्डीय महायज्ञ-२०८०
फाल्गुन ९ गतेदेखि २३ गतेसम्म
सर्वसिद्धिधाम, पञ्चकोट, बागलुङ
न भूतो न भविष्यति ।
अनन्तश्री ब्रह्माण्डीय महायज्ञ-२०८०
२०८० फाल्गुन ९ गतेबाट २३ गतेपर्यन्त
सर्वसिद्धिधाम पञ्चकोट बागलुङ, नेपाल
निर्माणाधिन
विश्वशान्ति कलश
सत्संकल्पकर्ता:-
अनन्तश्रीविभूषित मुक्तिनाथपीठाधीश्वर
स्वामी कमलनयनाचार्य श्रीजी महाराज (श्रीमुक्तिनाथबाबा)ज्यू

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्यााँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.ः ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क ३, २०८० मङ्सिर, पूर्णाङ्क २११

मङ्सिर २०८०

शुक्रबार	१	८	१५	२२	२९
शनिबार	२	९	१६	२३	३०
आइतबार	३	१०	१७	२४	गौरी
सोमबार	४	११	१८	२५	गौरी
मङ्गलबार	५	१२	१९	२६	गौरी
बुधबार	६	१३	२०	२७	गौरी
बिहीबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

तत्त्वहरूको सङ्ख्या र प्रकृतिपुरुषविवेक

उद्धवजीले पुनः शङ्का गरे- प्रभो ! ऋषिहरूले तत्त्वहरूको सङ्ख्या कति भनेका छन् ? हजुरले त अट्ठाइस नै भन्नुभएको छ । कोही तत्त्वज्ञ छब्बीस भन्छन् र कोही पच्चीस, कोही सात, नौ अथवा छ स्वीकार गर्छन् र कोही चार भन्छन् भने कोही अथाह भन्छन् । कैयौ ऋषिहरूका मतमा तत्त्वहरूको सङ्ख्या सत्र छ तर कोही सोह्र र कोही तेइस भन्छन् । हजुर कृपा गरी मेरो यस शङ्काको निवारण गर्नुहोस् ।

भगवान् श्रीकृष्णले उद्धवका यस शङ्काको निवारण गर्दै भन्नुभयो- उद्धव ! वेदज्ञाता ब्राह्मणले यस विषयमा जे भन्छन् ती सबै सही हुन्, किनभने सबै तत्त्व सबैमा अन्तर्भूत छन् । जगत्को कारणका विषयमा वादविवाद यस कारण हुन्छ कि मानिस मेरो शक्तिहरूको गूढ रहस्य बुझ्न सक्तैनन् । सत्त्व आदि गुणहरूका क्षोभबाट नै यो विविध कल्पनारूप प्रपञ्च, (जुन वस्तु होइन केवल नाम मात्र हो) उभिएर रहेको छ । यो वादविवाद गर्नेहरूका लागि विवादको विषय हुन गएको छ । जसै इन्द्रियहरू वशमा हुन्छन् र चित्त प्रशान्त हुन्छ अनि यो प्रपञ्च पनि निवृत्त भइहाल्छ तथा यसका निवृत्तिको साथसाथै सम्पूर्ण विवाद पनि समाप्त हुन्छ ।

तत्त्वहरूको एउटाको अर्को (दोस्रो) मा अनुप्रवेश छ यसै कारण वक्ताले जति तत्त्वहरूको सङ्ख्या भन्न चाहन्छ, त्यसका अनुसार कारणलाई कार्यमा अथवा कार्यलाई कारणमा मिलाएर आफ्नो मनअनुसार सङ्ख्या सिद्ध गर्छन् र यस्तो देखा पर्दछ कि एउटै तत्त्वमा धेरैजसो अर्काअर्का तत्त्वहरूको अन्तर्भाव भएको छ । यस कारण वादीप्रतिवादीहरूमध्ये जसको वाणीले जुन कार्यलाई जुन कारणमा अथवा जुन कारणलाई जुन कार्यमा अन्तर्भूत गरेर तत्त्वहरूको जति सङ्ख्या स्वीकार गरेका छन्, त्यो हामी निश्चित नै स्वीकार गर्छौं, किनभने उनको त्यो उपादान युक्तिसङ्गत नै हो ।

उद्धव! जुन मानिसहरूले तत्त्वहरूको सङ्ख्या छब्बीस मानेका छन्, ती यस्तो भन्छन् कि जीव अनादिकालदेखि अविद्याले ग्रस्त भइरहेका छन्, तिनीहरू आफै पनि आफूलाई जान्न सक्तैनन् । तिनीहरूलाई आत्मज्ञान गराउनलाई कुनै अर्का सर्वज्ञको आवश्यकता छ । यसरी तिनीहरूले प्रकृतिका कार्यकारणरूप चौबीस तत्त्व, पुरुष र ईश्वर; यी छब्बीस तत्त्वहरूको प्रतिपादन गर्छन् । पच्चीस तत्त्वलाई मान्नेहरू भन्छन्- यस शरीरमा स्थित जीव र ईश्वरमा अणुमात्र पनि अन्तर अथवा भेद छैन । यस कारण उनमा भेदको कल्पना गर्नु व्यर्थ हो । अब रह्यो ज्ञानको कुरा, ज्ञान भनेको सत्वात्मिका प्रकृतिको गुण हो । तीनओटै गुणहरूको साम्यावस्था नै प्रकृति हो । यस कारण सत्त्व, रज र तम यी तीनै गुण आत्माका होइनन् प्रकृतिका नै हुन् । यिनैद्वारा जगत्को उत्पत्ति, स्थिति र प्रलय हुने गर्छ । यस प्रसङ्गमा सत्त्वगुणलाई ज्ञान, रजोगुणलाई कर्म र तमोगुणलाई अज्ञान भनिएको छ । !

गुणहरूमा क्षोभ उत्पन्न गर्ने ईश्वर नै काल हुन् र सूत्र अर्थात् महत्त्व नै स्वभाव हो । तीनै गुणहरूलाई प्रकृतिदेखि भिन्न मानेमा तत्त्वहरूको सङ्ख्या स्वतः अट्ठाईस हुन्छ । ती तीनओटैदेखि बाहेक पुरुष, प्रकृति, महतत्त्व, अहङ्कार, आकाश, वायु, तेज, जल र पृथ्वी, पाँच कर्मेन्द्रियहरू तथा मन र पाँच ज्ञानेन्द्रियहरू पनि छन् । यसरी जम्मा एघार इन्द्रियहरू तथा शब्द, स्पर्श, रूप, रस र गन्ध यी ज्ञानेन्द्रियहरूका पाँच विषय गरी अट्ठाईस तत्त्व भैहाल्छन् । कर्मेन्द्रियहरूद्वारा हुने कर्मका तत्त्वहरूको सङ्ख्या बढ्दैन । सृष्टिको आरम्भमा कार्य (एघार इन्द्रियहरू र पाँच भूत र कारण महत्तत्त्व आदि) का रूपमा प्रकृति नै रहन्छ । त्यही तत्त्वले रज र तमोगुणको सहायताले जगत्को स्थिति, उत्पत्ति र संहारसम्बन्धी अवस्थाहरू धारण गर्छ । अव्यक्त पुरुष त प्रकृति र उसका अवस्थाहरूको केवल साक्षी मात्र बनेर रहन्छ । जुन तत्त्वज्ञले तत्त्वहरूको सङ्ख्या सातओटा स्वीकार गर्छन्, उनका मतमा पाँच भूत, जीव र परमात्मा यिनै तत्त्व हुन् । उनीहरूका अनुसार देह, इन्द्रियहरू र प्राणको उत्पत्ति त पञ्चभूतबाट भएको हो । जसले केवल छोटा तत्त्व स्वीकार गर्छन्, तिनीहरू भन्छन् कि पाँच भूत र छैटौं परमपुरुष परमात्मा हुन् । क्रमशः

सम्पादकीय

गौ संरक्षणमा स्थानीय सरकार

बढ्दो शहरीकरणसँगै हिजोआज चौपायहरू छाडा छोड्ने प्रचलनले समाजमा ठूलो समस्या निम्त्याएको छ । सडकमा हुने अधिकांस दुर्घटना पशु चौपायकै कारण हुने गरेको धेरै अनुसन्धानहरूबाट पुष्टि भइसकेको छ । यसका साथै छाडा चौपायका कारण किसानहरूको बालीनाली समेत नष्ट पारिए पछि यस्ता चौपायको नियन्त्रण, अहिले स्थानीय सरकारको ठूलो चुनौतिको विषय बनेको छ ।

छाडा चौपाय भनिए पनि सडकमा प्रायः छोडिने गाईबाच्छा र गोरुहरू नै हुन् । हिन्दु धर्ममा लक्ष्मी माताको रूपमा पुजिने र नेपालको संविधान २०७२ ले समेत राष्ट्रिय जनावर मान्यता दिएको गाई भोक र प्यासले सडकमा भौतारिएर प्राणत्याग गर्नुपर्ने अवस्था सिर्जना हुनु मुलुककै निम्ति लज्जाको विषय हो । यसै कुरालाई मध्यनजर गरी केही व्यक्ति तथा संस्थाहरूले उपत्यका सहित देशका विभिन्न भागमा गाईबाच्छाहरूको संरक्षणाको निम्ति प्रयास गरेको पाइएको छ । तर, राज्यको संलग्नता र सहयोग बिना भएका ती प्रयासले मात्र अपेक्षाकृत सफलता हाँसिल गरेको देखिँदैन ।

छाडा चौपायका कारण काठमाडौं महानगरपालिका सहित पुरै उपत्यकामा बढी समस्या देखिएको गुनासो आएपछि त्यसलाई नियन्त्रण गर्न महानगरपालिकाले यही कात्तिक २३ गतेबाट विशेष व्यवस्था गरेको छ । छाडा चौपायलाई दक्षिणकाली नगरपालिका वडा नं. ७, कोपुगाउँमा निर्माण गरिएको काञ्जी हाउसमा आवश्यक पूर्वाधार सहित संरक्षण दिने कार्य भएको छ । महानगरको यस निर्णयलाई प्रायः सबैले स्वागत गरेको पाइएको छ ।

यस अघि रुपन्देहीको तिलौराकोट नगरपालिका र कैलालीको धनगढी नगरपालिकाले पनि छाडा चौपाय विशेष गरी गाईबाच्छाको संरक्षणमा विशेष पहल गरेको देखिन्छ । आगामी दिनमा हरेक स्थानीय सरकारले यस्ता कार्यक्रम अगाडि बढाई चौपाय विशेष गरी गाईबस्तुको संरक्षणमा अबिलम्ब पहल गर्नु अपरिहार्य भएको छ । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

सूर्य-दर्शन विजयराज न्यौपाने ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

धर्म समन्वयबारे... श्रीमहेन्द्रनाथ गुप्त श्री 'म' ७

सम-सामयिक

जगद्गुरू निम्बार्काचार्य.. अनन्तश्रीविभूषित बालसन्त मोहनशरण देवाचार्य ११

समय-सन्दर्भ

विवाह पञ्चमी उपप्रा. डा. विनुबाबा अर्याल २०

पर्व विशेष

हरिबोधनी एकादशी पं. बालमुकुन्द देवकोटा २३

रहस्य

स्वस्तिक चिह्न हरिप्रसाद तिमल्सिना २७

इतिहास

श्रीपशुपतिनाथ अमालकोट... शङ्करमान भण्डारी २९

पुस्तक अंश

सूर्यपूजाको महत्व र फल ३३

गतिविधि ३५

आवरण:

ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं. १ ढुङ्गेसाँगुमा निर्माण गरिएको १०८ धारा सहितको मुक्तिनाथ मन्दिर । गायत्री कुण्डको पवित्र जल ल्याएर १०८ धारा निर्माण गरिएपछि मुस्ताङ जिल्लाको मुक्तिनाथधाम जान नसक्ने भक्तजनहरुका निम्ति सोको बैकल्पिक धामको रुपमा विकसित भएको छ ।❖

कविता

सूर्य-दर्शन

विजयराज न्यौपाने

सूर्योदय हुँदा नित्य, संसार हुन्छ सक्रिय
अस्ताए पछि त संसार, गतिहीन र निष्क्रिय ।
उज्यालो आँतमा बाली, सूर्य छौ कति निर्मल
दूरै बसेर आकाश, फिँज्दछौ कान्ति कोमल ॥

बन्छौ हिउँदमा न्यानो, तातो वर्षा र ग्रीष्ममा
ऋतु चक्र चलाएर, कर्मशील सुकर्ममा ।
कालो पर्दा उघारेर, ज्योति छर्ने दिवाकर
तिमीलाई नमस्कार, गरूँ स्नान र चिन्तन ॥

बिहानै म उठी शौच, स्नान गर्छु र चिन्तन
पूर्वमा पोतिंदा लाली, रोज होस् सूर्य दर्शन ।
अन्धविस्वास अज्ञान, मभित्रै कति हो कति
दिव्य ज्योति तिमी देऊ, शान्ति कान्ति समुन्नति ॥

रोग शोक निरास त्यो, घाम झुल्को लिए छिन
खानु पर्दैन ताप्दैमा, मिल्छ पोष भिटामिन ।
ऊर्जाका स्रोत हे सूर्य !, सञ्चार शक्तिको गर
मेरो जीवनमा आयु, बल, बुद्धि सधैँ भर ॥❖

–रागिनाथ, लमजुङ

गीता द्वितीय अध्याय

सांख्ययोग



-आचार्य खेमराज केशवशरण

श्रुति-विप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।
समाधा-वचला बुद्धिस्-तदा योग-मवाप्स्यसि ॥५३॥

सरलार्थ: शास्त्रमा भिन्नभिन्न भाव र भाषामा बताइएका कुराहरू सुनेर अन्योलमा परेको तिम्रो बुद्धि जब संसारको नश्वरता सम्बन्धी यथार्थ अनुभूति गरेर निश्चल र स्थिर बन्दछ अनि परमात्माको चिन्तनमा अचल रूपले अवस्थित हुन्छ । त्यसबेला तिमीले योगको अवश्य प्राप्त गर्ने छौ ।

भावार्थचन्द्रिका: मानिसको बुद्धिलाई संसारिक आसक्तिबाट पैदा हुने मोहको दलदलले भ्रमित पार्ने कुरातिर इङ्गित गर्दै त्यसको मोहमय दलदलबाट माथि उठेको बुद्धिले विवेकबाट उठेको निर्वेद (वैराग्य)मा पुऱ्याइदिने कुरा यसभन्दा अघिल्लो श्लोकमा आइसकेको छ । बुद्धिलाई भ्रमित पार्ने अर्को एउटा कारण छ- शास्त्रीय निर्देशहरूमा पाइने फरक । कतिपय शास्त्रहरूले आध्यात्मिक मुक्तिलाई नै सर्वोपरि मानेर मनुष्य जीवनको सार्थकता त्यसैमा रहेको कुरा बताएका छन् भने कुनै शास्त्रले ऐहलौकिक समृद्धिलाई पनि ठूलो महत्त्व दिएर त्यसका उपायहरूको बारेमा संझाएका छन् । महाभारत कालको एउटा श्लोक प्रसिद्ध छ जसले भन्दछ- श्रुतिहरू भिन्न भिन्न छन्, स्मृतिहरू पनि बेग्लाबेग्लै छन् । त्यसैले प्रमाण भन्ने वचन बोलिदिने कुनै एउटा मुनि छैनन् । 'श्रुतिर्विभन्ना स्मृतयो विभिन्ना नैकां मुतियुस्य वचः प्रमाणम् ।' श्रुतिहरूको, स्मृतिहरूको र विभिन्न शास्त्रहरूको यस्तै भिन्नभिन्न रायले गर्दा अर्जुनको बुद्धि लक्ष्य निर्धारण गर्न नसकेर विप्रतिपन्न बन्न पुगेको थियो जसको संकेत भगवान्ले यहाँ गर्नुभएको छ । बन्धुवान्धवहरूप्रतिको स्नेह, ममता अर्जुनमा थियो । तिनको सुरक्षाप्रति उनी संवेदनशील बनेका छन् । बन्धुवान्धवप्रति स्नेहपूर्ण व्यवहार लोकधर्ममा महत्त्वपूर्ण कुरा हुन्छ । त्यस लोकधर्मप्रतिको उनको मनमा उठेको ममत्वले गर्दा नै जसको दुर्बुद्धिले गर्दा युद्ध हुन लागिरहेछ त्यो दुर्योधनले गरेका तमाम अधर्म र अत्याचारलाई बिर्सेर अर्जुनले सहन गरिरहेका छन् । उनको बुद्धि यसरी श्रुतिविप्रतिपन्न बन्न पुगेको देखिन्छ ।

अर्जुन कर्तव्यको निर्णयमा पुग्न नसक्ने सामान्य सांसारिक मानिस सरह हुन पुगेका छन् । यस श्लोकमा पहिले बुद्धि निश्चल हुनु पर्ने र सँगसँगै परमात्माचिन्तनमा स्थिर (अचल) हुनुपर्ने कुरा भगवान्ले सम्झाउनु भएको छ । श्रुतिविप्रतिपन्न बनेर सांसारिकतामै अलमलिने अवस्थाबाट माथि उठी आफ्नो कल्याणका बारेमा निश्चय र परमात्माका बारेमा अचल बनेको बुद्धि प्राप्त भएकै क्षणमा साधक परमात्मासितको स्थिर योग प्राप्त गर्न सक्षम हुन्छ ।

यसरी आफ्नो कल्याणप्रति निश्चल र परमात्मामा अचल बुद्धिभएको साधक कस्तो हुन्छ त भन्ने कुरा बुझ्न अर्जुनमा कौतुहल पैदा हुन्छ । त्यसैले यहाँ उनी प्रश्न गर्दछन्-

अर्जुन उवाच
स्थित-प्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

अन्वय: अर्जुन उवाचः केशवः समाधिस्थस्य स्थितप्रज्ञस्य भाषा का ? स्थितधीः किं प्रभाषेत ? किम् आसीत ? किं व्रजेतं ?

सरलार्थ : अर्जुनले भने हे केशव ! आफ्नो कल्याणका बारेमा स्थिरबुद्धि भएको परमात्मामा अचल राख्ने स्थित प्रज्ञ साधकका के कस्ता विशेषता हुन्छन् ? ऊ कसरी बोल्दछ, ऊ कसरी बसउठ गर्दछ ? अनि कसरी हिंड्डुल गर्दछ ?

भावार्थचन्द्रिका: 'प्रज्ञा' बुद्धिकै अर्को नाम हो । जसको प्रज्ञा स्थिर हुन्छ, त्यस्तालाई स्थिरप्रज्ञा

भनिन्छ । अर्जुनले यहाँ स्थिरप्रज्ञ साधकको लक्षण सोधेका छन् । स्थितप्रज्ञस्य का भाषा भन्ने वाक्यले पस्थत प्रज्ञस्य का परिभाषा भन्ने आशय व्यक्त्याउँछ । तात्पर्य के भने स्थितप्रज्ञ साधकलाई परिभाषित गर्नुपर्‍यो भने कसरी गर्न सकिन्छ ? भन्ने अर्जुनको आशय बुझिन्छ । अर्जुनले ऊ कसरी बोल्दछ ? कसरी बस उठ गर्दछ, कसरी हिंड्डुल गर्दछ भनेर सोधेका छन् । यसको उत्तरमा भगवान्‌ले, स्थितप्रज्ञले बोल्ने बसउठ गर्ने र हिंड्डुल गर्दा जुन मूल सोचाई, स्वभाव र समझदारीले विशिष्टता ल्याउँछ त्यसको बारेमा चाहिं गम्भीर रूपले प्रकाश पार्नुभएको छ । अब आउने पचपन्नौ, छपन्नौ, सन्ताउन्नौं श्लोकमा र अन्ठाउन्नौदेखि त्रिसठ्‌ठीऔं श्लोकमा एवम् चौसठि्ठीदेखि एकहत्तरौं श्लोकसम्मका उत्तरमा यसैको भावात्मक उत्तर प्राप्त हुन्छ । स्थितप्रज्ञको परिभाषाका बारेमा अर्जुनले गरेको प्रश्नको उत्तर अब भगवान् दिनुहुन्छ–

श्रीभगवानुवाच

प्रजहाति यदा कामान्, सर्वान्पार्थ मनोगतान् ।

आत्मन्ये–वात्मना तुष्टः स्थित–प्रज्ञस्–तदोच्यते ।५५।

अन्वयः श्रीभगवानुवाच, हे पार्थ ! आत्मना आत्मनि एव तुष्टः (सत्) यदा मनोमतान् सर्वान् कामम् प्रज्ञाहाति तदा स्थितप्रज्ञः उच्यते ।

सरलार्थः जब साधक मनमा उठ्ने नव बाह्य संसारसँग सम्बन्धित सम्पूर्ण कुराहरूको इच्छालाई छोडीदिन्छ, आफ्नो स्वरूपको अनुभूतिमा नै सन्तुष्ट हुन्छ, तब ऊ स्थितप्रज्ञ कहलाउँछ ।

भावार्थचन्द्रिकाः यो कर्मयोगको प्रसङ्ग हो । कर्मयोग, भक्तियोग र ज्ञानयोग तीनै योगमा साधनावस्था र सिद्धावस्था दुवै हुन्छन् । तीनै योगका साधनावस्था र सिद्धावस्थाका अलग अलग विशेषता बताइएका छन् । ज्ञानयोगमा साधनावस्थामा साधकले आफ्नो आत्मालाई त्रिगुणको सम्पर्कबाट सर्वथा अलिप्त र मुक्त रूपमा अनुभव गर्नुपर्ने बाइएको छ । त्यस्तो साधना भरिपूर्ण भएर साधक सिद्ध अवस्थामा पुग्दा पूर्ण रूपले गुणातीत बन्दछ । भक्तियोगमा साधक साधनावस्थामा भगवान् बाहेक अरू कुनै कुरालाई महत्त्व नदिने अनन्य भक्तिको अवलम्बन गर्दछन् । र, सिद्धावस्थामा ऊ आफ्नो प्रेमास्पद प्रभुलाई नै कणकणमा देखी कसैप्रति द्वेष र घृणा नगरी सबैमा आफ्ना इष्टदेवको दर्शन गरिरहेको हुन्छ । त्यसै गरी कर्मयोगमा कामनाको त्याग गर्ने साधकको अभ्यास परिपक्क बनेर सिद्धावस्थामा पुगेपछि उसका समस्त कामनाहरू हटी सकेका हुन्छन् । केवल परमात्माको अंशस्वरूप सच्चिदानन्दमय आत्माको अनुभूतिमै ऊ रमिरहेको हुन्छ । यहाँ जहाति मात्र नभएर प्रज्ञहाति भन्नुको मतलब त्यस अवस्थामा निष्काम कर्मयोगीका सम्पूर्ण कामनाहरू लीन भइसकेका हुन्छन् । यस्तो सिद्धावस्थामा पुगेको साधक नै स्थितप्रज्ञ कहलाउँछ । साधक अवस्थामा कर्तव्य मानेर पालन गरिएका सद्‌गुणीहरू सिद्धावस्थामा सहज बन्न पुग्दछन् । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनुभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा क्रमश प्रकाशति गरिरहेका छौं)

मङ्सिर महिनाका पर्व तथा विदा

१ गते वृश्चिक संक्रान्ति
३ गते छठपर्व व्रत
४ गते गोपाष्टमी
५ गते कुष्मान्ड नवमी व्रत
७ गते हरिबोधिनी एकादशी व्रत (तुलसी बिवाह)
८ गते प्रदोष व्रत
१० गते पूर्णिमा व्रत
११ गते गुरू नानक जयन्ती (सिख धर्मावलम्बीहरूलाई मात्र बिदा)/निम्बार्काचार्य जयन्ती/चतुर्मास व्रत समाप्ति/कार्तिक स्नान समाप्ति
१७ गते अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (अपाङ्गता भएका कर्मचारीलाई मात्र बिदा)
१९ गते भौमाष्टमी व्रत
२२ गते उत्पतिका एकादशी व्रत
२३ गते अन्तर्राष्ट्रिय भ्रष्टाचार विरूद्ध दिवस
२४ गते प्रदोष व्रत/अन्तर्राष्ट्रिय मानव अधिकार दिवस
२५ गते बाला चतुर्दशी व्रत /शतबीज छर्ने ।

अहैतुकी भक्ति

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

कामिनी त्याग

अघिल्लो अंकबाट क्रमशः

"मैले उसलाई जुन कुरा नगर भन्छु, उसले त्यो खुब राम्रोसँग बुझेको हुन्छ। त्यो दिन पर्दा नतान्नु भनेको थिएँ, उसले तानेन। गाँठो पार्नु, सिउनु, पर्दा तान्नु, ढोका र बाकसमा ताल्चा मार्नु इत्यादि गर्नुपर्दैन भनेर उसलाई भनेको थिएँ। उसले राम्रो हेक्का राखेको छ। जसलाई संसार-त्याग गर्नुछ, उसले यी कुराहरूको अभ्यास गर्नुपर्छ। यी कुराहरू संन्यासीका लागि हुन्।"

"साधना अवस्थामा कामिनी भनेका डढेलो जस्ता हुन्, काली नागिनी जस्ता। सिद्ध अवस्थापश्चात्, ईश्वरप्राप्ति भएपछि, तिनै माता आनन्दमयीकी मूर्ति हुन जान्छिन्। त्यसबखत मानिसले स्त्रीहरूलाई जगदम्बा माताका एक-एक ओटा मूर्तिका रूपमा देख्न सक्छन्।"

धेरै दिन भइसकेको थियो, श्रीरामकृष्णले नारायणलाई आइमाईहरूको सम्बन्धमा धेरै सावधान गरिदिनुभएको थियो। भन्नुभएको थियो, आइमाईहरूको हावा पनि देहमा लाग्न दिनुहुन्न। बाक्लो कपडा जिउमा बेर्नु, कतै यस्तो नहोस् कि तेरा जिउमा उनीहरूको देहको हावा लागोस् अनि आफ्नी आमाबाहेक अरू स्त्रीहरूबाट आठ हात, दुई हात, नभए पनि कम से कम एक हात टाढै अवश्य रहनू।

श्रीरामकृष्ण (मणिसँग)– उसकी आमाले नारायणसँग भनिछिन्, "उनलाई (मलाई) देखेर हामी त मुग्ध हुन्छौं, तँ त अझ बच्चै छस्।" अनि सरल, निश्छल नभइकन कसैले पनि ईश्वरलाई पाउन सक्दैन। निरञ्जन कति निश्छल छ ?

मणि– हो, हजुर।

श्रीरामकृष्ण– त्यसदिन कलकत्ता जाँदा गाडीमा तिमीले उसलाई देखेका थियौ वा थिएनौ ? हरसमय उसको एकै भाव रहिरहन्छ, सीधा निश्छल भाव। मान्छेको आफ्नो घरमा त एक किसिमको भाव हुन्छ तर जब बाहिर जान्छ, अर्कै किसिमको हुन जान्छ। नरेन्द्र अब संसारको चिन्तामा फसेको छ। उसमा केही हिसाबी बुद्धि छ। सबै लड्काहरू के यो जस्तै कहिल्यै हुन सक्लान् ?

"आज म नीलकण्ठको नाटक हेर्न गएको थिएँ, दक्षिणेश्वर नवीन नियोगीको घरमा। त्यहाँका केटाहरू बडा दुष्ट रहेछन्, खाली यसको-उसको दोष मात्रै देखेर कुरा काटिरहने। यस्ता ठाउँमा मान्छेको धार्मिक भावना पनि आउँदैन। अर्को कुनै दिन पहिले नाटक हेर्न जाँदा मधु डाक्टरको आँखाभरि आँसु देखेँ। मैले उसलाई मात्र हेरिरहेँ, अरूलाई हेर्न सकिनँ।"

धर्म समन्वयबारे उपदेश। दान र ध्यान

श्रीरामकृष्ण– (मणिसँग) अँ, यतिका मानिसहरू यहाँ (आफूलाई देखाएर) जो खिँचिएर आउँछन्, यसको के अर्थ होला ?

मणि– मलाई त वृन्दावनमा कृष्णको लीला संस्मरण हुन्छ। कृष्ण जब स्वयम् गोठाला र गाई बन्नुभयो, तब गोठालामा गोपीहरूको र बाच्छाबाच्छीमाथि गाईहरूको प्रेम बढ्यो, अधिक आकर्षण भयो।

श्रीरामकृष्ण– त्यो ईश्वरको आकर्षण थियो। कुरा यो हो कि माता जगदम्बा यस्तो जादु गरिदिनुहुन्छ, जसले आकर्षण बढ्छ।

"अँ, केशव सेनकहाँ जति धेरै मानिस जान्थे, यहाँ त

त्यति मान्छे आउन्नन् । अनि केशव सेनलाई धेरै मानिसले चिन्छन्, बेलायतसम्म उसको नाम छ, रानी भिक्टोरियाले पनि उनीसँग कुराकानी गरेकी थिइन् । गीतामा भनेको छ, जसलाई धेरै मानिसले जान्दछन्, मान्छन्, उसमा ईश्वरकै नै शक्ति रहन्छ । यहाँ त उस्तो केही छैन ।"

मणि– केशव सेनकहाँ संसारी मानिसहरू गएका थिए ।

श्रीरामकृष्ण– हो, यो ठीक हो, उनीहरू ऐहिक कामना राख्नेवाला थिए ।

मणि– केशव सेन जे गरेर गएका छन्, के त्यो टिक्ला ?

श्रीरामकृष्ण– किन, उनले एउटा संहिता लेखेर छोडेका छन्, त्यसमा उनका ब्राह्मसमाजी अनुयायीहरूलाई नियमादि लेखेका छन् ।

मणि– अवतारी पुरुष जब स्वयम् कार्य गर्छन्, तब अरू नै कुरा हुन्छ । जस्तो चैतन्यदेवको कार्य ।

श्रीरामकृष्ण– हो, यो ठीक हो ।

मणि– हजुरले त भन्नुभएको छ, चैतन्यदेवले भनेका थिए, "मैले यो जुन बिउ राखिरहेको छु, कुनै न कुनै बेला यसले अवश्य काम गर्नेछ ।'

घरको दलिनमा बिउ राखेको थियो, जब घर भत्किएर पाताल भयो, त्यही बिउबाट बोटबिरूवा उम्रियो ।

श्रीरामकृष्ण– अँ, शिवनाथ आदिहरूले खोलेको ब्राह्मसमाजमा पनि थुप्रै मान्छेहरू जान्छन् नि, होइन ?

मणि– हजुर, त्यस्तै खाले संसारी मानिसहरू जान्छन् ।

श्रीरामकृष्ण– हो, हो । संसारी मान्छेहरू सबै जान्छन् । जो ईश्वरका लागि व्याकुल छन्, कामिनी– काञ्चन त्याग गर्ने चेष्टा गरिरहन्छन्, यस्ता मानिसहरू साह्रै थोरै जान्छन् । यो ठीक हो ।

मणि– यदि यहाँबाट एउटा प्रवाह बगिदिए, बडो असल हुन्थ्यो । त्यस प्रवाहको वेगमा सबै बगोस् ।

यहाँबाट जे केही हुन्छ, त्यो अवश्य नै एउटा विशेष ढर्राको हुनेछैन ।

श्रीरामकृष्ण– (साहास्य) जो मानिसको जस्तो भाव छ, म उसको त्यही भावको रक्षा गर्छु । वैष्णवहरूसँग वैष्णव भाव नै राख्नका लागि भन्छु । शाक्तहरूसँग शाक्त भाव तर यति उनीहरूलाई भन्छु, यो नभन कि मेरै मार्ग सत्य हो र अरू सबै बाँकी मिथ्या, भ्रम हो ।

"हिन्दू, मुसलमान, इसाई यी सबै अनेक बाटो भएर एउटै ठाउँमा गइरहेका छन् । आफ्नो भावको रक्षा गर्दै, उहाँलाई हृदयदेखि नै पुकारा गर्दा उहाँको दर्शन हुन्छ ।"

"विजयकी सासू भन्छिन्, "तपाईं बलराम आदिलाई भनिदिनुहोस्, साकार पूजन गर्नै के जरूरत छ ? निराकार सच्चिदानन्दलाई पुकार्नाले पनि काम सिद्ध भइहाल्नेछ ।"

"मैले भने यस्तो कुरा म नै किन भनूँ र उनले पनि किन मान्ने ? रूचि भेदअनुसार अधिकारीहरूमा भेद देखेर एउटै चिजको धेरै थरी रूप गरिदिएको हुन्छ ।"

मणि– हो, हजुर । देश, काल र पात्रको भेदले गर्दा सबैका अलग-अलग बाटो छन् । तर चाहे जुन बाटोबाट मानिस जाओस्, मनलाई शुद्ध गरेर, हृदयदेखि नै व्याकुल भएर, जब उहाँलाई पुकार्छ त उहाँलाई अवश्य पाउँछ । हजुर यही कुरा त भन्नुहुन्छ ।"

कोठामा श्रीरामकृष्ण आफ्नो आसनमा बस्नुभएको छ । जमिनमा मुखर्जीहरू सम्बन्धी हरि तथा मास्टर आदि बसेका छन् । एकजना नचिनेको (अन्जान) मानिस आएर श्रीरामकृष्णलाई प्रणाम गरेर बस्यो । श्रीरामकृष्णले पछि भन्नुभएको थियो, उसका आँखाको लक्षण राम्रो थिएन, बिरालाका जस्ता कुइरे आँखा थिए । हरिले श्रीरामकृष्णलाई तमाखु ठीक पार्‍यो ।

श्रीरामकृष्ण– (हरिसँग) हेरूँ त खै तेरो हात । सबै राम्रो त छ, बडो राम्रा लक्षण छन् । मुट्ठी खोल त । (आफ्नो हातमा हरिको हात लिएर तौलिएको जस्तो गरी) केटाकेटीपन अझ पनि छ । अहिलेसम्म त कुनै दोषी काम गरेको छैन । (भक्तहरूसँग) हात देखेर भन्न सक्छु कि फलानो दुष्ट छ वा सरल ।

(हरिसँग) के भयो त ? तँ ससुराली जाने गर, आफ्नी स्त्रीसँग कुराकानी गर्नु, मनलागे केही आमोद-प्रमोद पनि गर्ने गर्नु । (मास्टरसँग)– होइन त ? (मास्टर) आदि हाँस्छन् ?

मास्टर– हजुर नयाँ भाँडो खराब भइदियो भने त्यसमा दूध राख्न सकिँदैन ।

श्रीरामकृष्ण– (सहास्य) अहिल्यै खराब भएको छैन भनेर कसरी जान्यौ ?

मुखर्जीहरू दुई भाइ छन्– महेन्द्र र प्रियनाथ । यी नोकरी

गर्दैनन् । उनका पीठो पिन्ने मिल छ ।

प्रियनाथ पहिले इन्जिनियरको काम गर्थे । श्रीरामकृष्ण मुखर्जी भाइहरूको कुरा हरिसँग गर्नुहुन्छ ।

श्रीरामकृष्ण– (हरिसँग) ठूलो दाजुचाहिँ बेस छ होइन ? बडो सरल छ ।

हरि– हो, हजुर ।

श्रीरामकृष्ण (भक्तहरूसँग)– सुन्छु, कान्छोचाहिँ बडो कञ्जुस छ रे ! तर यहाँ आएर निकै असल भएको छ । उसले मलाई भन्थ्यो, म पहिले केही जान्दिनथेँ । (हरिसँग) यिनीहरू केही दान आदि पनि गर्छन् ?

हरि– यस्तो केही गरेको त देखिन्न, यिनीहरूको जेठा दाजुको देहान्त भएको छ । उनी बडा असल थिए, दान ध्यान आदि खुब गर्थे ।

श्रीरामकृष्ण– (मास्टर आदिसँग) कसैको शरीरका लक्षणहरू हेरेर भन्न सकिन्छ कि उसको आध्यात्मिक उन्नति हुन्छ वा हुन्न । खल मानिसको हात गह्रौँ हुन्छ । वजनदार हुन्छ ।

"बसेको नाक हुनु पनि राम्रो होइन । शम्भुको नाक बसेको थियो, यसैले त्यत्रो ज्ञान भए पनि ऊ सरल थिएन ।"

"परेवाको जस्तो छाती, टेढोमेढो शरीर, भद्दा कुहिनो तथा बिरालोका जस्ता कुइरा, पहेँला आँखा आदि खराब लक्षणहरू हुन् ।"

"डोमका जस्ता बाक्ला–बाक्ला ओठ जसका हुन्छन्, उसको बुद्धि नीच हुन्छ । विष्णु मन्दिरको पुजारी केही महिना छुट्टीमा जाँदा, बदलामा एकजना बाहुन काम गर्न आएको थियो । उसको हातले छोएको खाना म खाँदिनथेँ । एकाएक एक दिन मेरो मुखबाट निक्लियो, त्यो त डोम हो । यसपछि उसले एक दिन मलाई भन्यो, "हो, मेरो घर डोम टोलमा छ । म पनि डोमहरू जस्तै डोको, नाङ्लो बुन्ने गर्छु ।"

"अरू पनि खराब लक्षणहरू छन्, एउटा आँखो कानो हुनु, त्यसमाथि पनि डेढो । आँखा कानो तैपनि बेस तर डेढो बडो खतरनाक हुन्छ ।"

"महेश्वर न्यायरत्नको एउटा विद्यार्थी आएको थियो । 'म नास्तिक हुँ' भनेर भन्थ्यो । उसले हृदयलाई भन्यो, 'म नास्तिक हुँ, तिमी आस्तिक भएर मसँग चर्चा गर ।' अनि मैले उसलाई राम्ररी नियालेर हेरेँ । उसका आँखा बिराले आँखा थिए ।"

"हिँडेको चाल देखेर पनि मान्छेको राम्रो र खराब लक्षण थाहा पाउन सकिन्छ । "

श्रीरामकृष्ण कोठाबाट बाहिर आएर टहलिन लाग्नुभयो । साथमा मास्टर र बाबुराम छन् ।

श्रीरामकृष्ण– (हाजरासँग)– एकजना मानिस आएको थियो । हेरेँ, उसका आँखा बिरालाका जस्ता थिए । उसले मलाई सोध्यो, "होइन, तपाईं ज्योतिषी पनि जान्नुहुन्छ ? लौन, धेरैदिनदेखि मलाई केही कष्ट भइरहेछ ।"

मैले भनेँ, "अहँ, म जान्दिनँ । तिमी वराहनगर जाऊ । त्यहाँ ज्योतिषीहरू छन् ।"

बाबुराम र मास्टर नीलकण्ठ नाटकको कुरा गरिर हेछन् । बाबुराम नवीन सेनको घरदेखि दक्षिणेश्वर फर्केर आएर हिजो राति यहीँ थिए । बिहान श्रीरामकृष्णसँगै दक्षिणेश्वरमा नवीन नियोगी कहाँ नीलकण्ठ नाटक हेरेका थिए ।

श्रीरामकृष्ण– (मास्टर र बाबुरामसँग) तिमीहरूको के कुराकानी भइरहेछ ?

मास्टर र बाबुराम– नीलकण्ठ नाटकको कुरा भइरहेछ अनि त्यसको गाना–श्यामा पदे आस, नदी तीरे वास ।

श्रीरामकृष्ण बरन्डामा हुनुहुन्छ । टहलिँदै गर्दा एकाएक मणिलाई एकान्तमा लगेर भन्नुभयो, "ईश्वरको चिन्ताको बारेमा जति अरू मानिसहरूलाई आफ्नो भाव थाहा हुँदैन, उति असल हुन्छ ।"

एकाएक यति भनेर श्रीरामकृष्ण हिँड्नुभयो ।

श्रीरामकृष्ण– हाजरासँग कुराकानी गर्न लाग्नुभयो ।

हाजरा– नीलकण्ठले त हजुरलाई भनेको छ, ऊ आउनेछ रे लिन पठाउनुपर्छ कि ?

श्रीरामकृष्ण– होइन, राति जागै रहिरह्यो, ईश्वरको इच्छाले आफैँ आए, अर्कै कुरा हो ।

श्रीरामकृष्ण बाबुरामलाई नारायणकहाँ गएर भेट्नु भनेर भन्नुहुन्छ । उहाँ नारायणलाई साक्षातै नारायण देख्नुहुन्छ । यसैले उसलाई भेट्न व्याकुल भइरहनुभएको छ । बाबुरामलाई भन्दै हुनुहुन्छ, "तिमी बरू एउटा आफ्नो अङ्ग्रेजी किताब लिएर उसकहाँ जानू ।" क्रमशः

अनुवादक– प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्णवचनामृतबाट अनुदित

यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको इकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यस प्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दोस्रो बजारबाट कारोबार गर्दा सधैं नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा अनुमति प्राप्त बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- पूंजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button वा gunaso@sebon.gov.np वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (नि:शुल्क) वा हटलाइन नं ५५४४०७६ वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोन: ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्स: ०१-५५४१०५८ टोल फ्रि.न. १६६०-०१-४४४३३
ईमेल ठेगाना: support@sebon.gov.np
वेबसाइट: www.sebon.gov.np

जगद्‌गुरु श्रीनिम्बार्काचार्यको संक्षिप्त परिचय



– अनन्तश्रीविभूषित बालसन्त मोहनशरण देवाचार्य महाराज

परिचय

वैदिक सनातन धर्म अनादिकालदेखि निर्बाधरूपमा प्रवाहित हुँदैआएको धर्म हो । यो सनातन धर्मका प्रवर्तक कोही ऋषि या व्यक्तिविशेष नभएर सृष्टिको पहिलो उषासँगै जन्मिएको धर्म हो । यसका संस्थापक स्वयम् यस जगत्का सृष्टि, स्थिति, प्रलयकर्ता परात्पर परब्रह्म हुनुहुन्छ । उनै परब्रह्म परमात्माका सङ्कल्पद्वारा विश्वब्रह्माण्ड सृष्टिसँगै प्रकृतिको नैसर्गिक स्वभावकै अभिन्न अङ्गका रूपमा स्थापित भएको हो । यस धर्मको आदि र अन्त्य नभएकाले नै यस धर्मलाई सनातन धर्म भनिएको हो, जो हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहिरहन्छ । जो अनादिकालदेखि चलिरहेको छ, त्यहि सनातन हो । अरू सबै धर्मका तिथि, मिति, काल, समय र प्रवर्तक, संस्थापक व्यक्तिविशेष छन् तर, वैदिक सनातन धर्मको समय मिति र प्रवर्तक कोही छैन । सृष्टिको बिहानीसँगै जन्मिएको मानव पद्धति नै सनातन धर्म हो ।

वैदिक सनातन धर्मको आदिम ग्रन्थ वेद हो । वेदलाई पनि अपौरूषेय भनिन्छ । यो वेद पनि कुनै व्यक्तिविशेषले बनाएको नभएर अनादिपुरूष भगवान्को कण्ठभेदन गरी निस्किएको शब्दब्रह्म हो । यस्य निःश्वसितस्य वेदाः तसर्थ वेदपुरूष पनि अनादि हो र वेदका प्रवर्तक परमात्माको सृष्टिसँगै जन्मिएको सनातन धर्म पनि अनादि धर्म हो । यस्तो भगवत्स्वरूप सनातन धर्मको रक्षा स्वयम् भगवानबाट नै हुने कुरा शास्त्रहरूमा उल्लेख भएको पाइन्छ ।

संस्थापनाय धर्मस्य प्रशमायतरस्य च ।
अवतीर्णो हि भगवान् अंशेन जगदीश्वरः ॥

(भागवतपुराण १०।३।२७)

त्यस्तै श्रीमद्भगवद्‌गीतामा पनि श्रीमुखबाट आज्ञा गर्नुभएको छ ।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥

साधुहरूको रक्षा गर्न र दुष्टहरूको विनाश गर्न साथै धर्मको स्थापना गर्न युगयुगमा म आफैं अवतरित हुन्छु भन्नुभएको छ । तसर्थ यो अनादि, अनन्त, सर्वज्ञ, परब्रह्म परमात्माबाट निस्रित प्रकृतिको प्रथम बिहानीसँगै उदाएको वैदिक सनातन धर्मको ह्रास कहिल्यै हुँदैन । यसको रक्षार्थ परमात्माले शास्त्रमा यस प्रकार बताउनु भएको छ–

कलौ खलु भविष्यन्ति पापाग्नि विद्यते सदा ।
तमसो नाशनार्थाय अवतारो भविष्यति ॥

निश्चय नै कलियुगमा पापरूपी अग्निले संसार जलाइरहनेछ । दुराचार, भ्रष्टाचार, व्यभिचार, पाखण्डपनले उत्पन्न हुने अज्ञानान्धकारको नाश गर्न स्वयम् भगवत्कृपाद्वारा महापुरूषहरूको अवतार हुनेछ । तिनै महापुरूषद्वारा परमात्माबाट संरक्षित सनातन धर्मको अभ्युदय र संरक्षण हुनेछ । यो कुरा श्रीमद्भगवद्‌गीतामा श्रीमुखबाट आज्ञा भएको छ–

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानामधर्मस्य तदात्मानं सृजाम्यहम् ॥ (गीता ४/७)

जब जब धर्मको ग्लानि या ह्रास हुदै जान्छ र अधर्मको वृद्धि हुँदै जान्छ, त्यस बेला परमात्माले आफ्नै आत्माबाट विभिन्न अंशावतारका रूपमा महापुरूषहरूलाई अवतरण गराई वैदिक सनातन धर्मको रक्षा गर्नुहुनेछ । भगवद् आज्ञाद्वारा धर्म रक्षार्थ प्रामाणिक रूपमा यस पृथ्वीतलमा अवतरित हुने महापुरूषहरूका विषयमा शास्त्रहरूले यसरी उद्घोष गरेका छन्

अतः कलौ भविष्यन्ति चत्वार सम्प्रदायीनः ।
श्रीब्रह्मरुद्रासनाकाः वैष्णवाः क्षिती पावनाः ॥ (भविष्यपुराण)

त्यसकारण कलियुगमा यो धर्तीलाई पावन गर्न

र सनातन धर्मको रक्षा गर्न चार वैष्णव सम्प्रदायका आचार्यहरूका रूपमा भगवती माता लक्ष्मी, ब्रह्माजी, भगवान् रुद्र र सनकादि मुनिहरूले अवतार ग्रहण गर्नेछन् –

रामानुजं च श्रीचक्रे मध्वाचार्य चतुर्मुखः।
श्रीविष्णुस्वामिनं रुद्रो निम्बादित्य चतुः सनः॥ (भविष्यपुराण)

भगवती श्रीलक्ष्मीजी रामानुजाचार्यका रूपमा, ब्रह्माजी श्रीमध्वाचार्यका रूपमा भगवान् रुद्र विष्णुस्वामीका रूपमा र सनकादि मुनिहरूः श्रीनिम्बार्काचार्यका रूपमा वैदिक सनातन धर्मरक्षार्थ अवतरित हुनुभयो। यसै प्रसङ्ग गर्गसंहितामा पनि भनिएको छ–

विष्णुस्वामिवामनांशो तथा मध्वस्तु ब्रह्मणः
रामानुजस्तु शेषांशो निम्बार्कसनकस्य च।

वामनको अंशबाट विष्णु स्वामी, ब्रह्माजीको अंशबाट मध्वाचार्य, शेषको अंशबाट श्रीरामानुजाचार्य र सनकादि मुनिहरूको अंशबाट श्रीनिम्बाकाचार्यको अवतरण हुनेछ। त्यस्तै

रामानन्द स्वयं रामो प्रादुर्भूतो महीतले॥

पछिल्ला चरणमा आएर भगवान् श्रीरामचन्द्र प्रभुकै अवतारका रूपमा श्रीरामानन्दाचार्य प्रकट हुनुभयो भने यता शङ्कर शङ्कराचार्य भन्दै अद्वैत वेदान्तका आचार्य शङ्करावतार भगवत्पाद शङ्कराचार्य पनि साक्षात् शङ्करजीकै अवतारका रूपमा पृथिवीमा ओर्लनु भएको सर्वविदितै छ। यसप्रकारले हाम्रा पौराणिक ग्रन्थहरूमा भगवद् आज्ञाद्वारा सनातन धर्म रक्षार्थ अवतार हुने र तिनै महापुरूषहरूद्वारा सनातन धर्मको रक्षा हुने कुरा प्रष्ट बताइएको छ। शास्त्रीय आधारमै ती महापुरूषहरूको अवतरण पनि भई सनातन धर्मको रक्षा भएको छर्लङ्गै छ। ती आचार्यहरू हुनुहुन्छ–

१. श्रीनिम्बार्काचार्य २. श्रीशङ्कराचार्य ३. श्रीरामानुजाचार्य ४. श्रीबल्लभाचार्य ५. श्रीमध्वाचार्य ६. श्रीरामानन्दाचार्य

१. भगवान् श्री शङ्कर नै कलियुगमा श्रीशङ्कराचार्यका रूपमा अवतरित भई अद्वैत दर्शनको प्रचार साथै निर्गुण ब्रह्मवादको वर्णन गरी शैव संन्यास परम्पराको स्थापना गर्नुभयो।

२. भगवान् श्रीशेष एवम् श्रीलक्ष्मीजी नै कलियुगमा धर्मरक्षार्थ श्रीरामानुजाचार्यका रूपमा अवतरित भई विशिष्टाद्वैत सिद्धान्त, भगवत्शरणागति र श्रीलक्ष्मीनारायणको उपासनाका माध्यमद्वारा जीवकल्याणको बाटो देखाई भक्तिमार्गको व्यापक प्रचार गर्नुभयो।

३. भगवान् श्रीब्रह्मा नै कलियुगमा धर्मरक्षार्थ मध्वाचार्यका रूपमा अवतरित भई द्वैतवाद सिद्धान्तको प्रणयन गर्नुका साथै परात्पर परब्रह्मतत्त्व भगवान् श्रीवासुदेवकृष्णको शरणागतिपूर्वक उपासना नै जीवात्माहरूका लागि कल्याणको बाटो हो भन्ने कुरा गर्दै वासुदेव नारायण श्रीकृष्णको उपासनाको शास्त्रीय प्रमाणका आधारमा सर्वत्र प्रचार गर्नुभयो।

४. भगवान् श्रीवामन नै कलियुगमा सनातन धर्मरक्षार्थ विष्णुस्वामी बल्लभाचार्यका रूपमा प्रकट हुनुभयो र शुद्धाद्वैतसिद्धान्तको स्थापनासहित भगवत्शरणागति भक्तिप्रपत्ति उपासनाद्वारा नै सम्पूर्ण मानवको कल्याण छ भन्ने उद्बोधनका साथ श्रीकृष्णभक्तिको सर्वत्र व्यापक प्रचार गरी यस भूमण्डललाई तीर्थ बनाउनुभयो।

५. भगवान् श्रीरामचन्द्रका अंशबाट उत्पन्न श्रीरामानन्दाचार्यले यस पृथ्वीमा व्यापक रूपमा सनातन धर्मको प्रचार गर्नुका साथै रामानुजाचार्यजीकै मत र सिद्धान्तलाई स्वीकार गरी श्रीसीतारामभक्ति धाराको प्रचार प्रसारपूर्वक इष्टदेव श्रीसीतारामको सर्वव्यापक प्रचार र श्रीरामानुजाचार्यकै विशिष्टाद्वैत सिद्धान्तको खुलेर प्रचार गर्नुभयो।

६. यस्तै प्रकारले भगवान् श्रीहरिका दायाँ हातमा सुप्रतिष्ठित सुदर्शनचक्रावतार भगवान् श्रीनिम्बार्काचार्यलाई सुदर्शन चक्रको अवतारका रूपमा बताइएको छ। साथै कहीं कहीं सनकादि मुनिहरूको अवतार पनि भनिएको पाइन्छ।

एक कालखण्डमा परिस्थिति यस्तो आयो यस भूमण्डलमा द्वैतवाद र अद्वैतवादको व्यापक वर्चस्व भयो र अद्वैतवादीहरूले वेदमा रहेका अद्वैतवादपरक मन्त्रहरूलाई आफ्नो सम्प्रदाय सिद्धिका लागि स्वीकार गरे भने द्वैतपरक वेदमन्त्र र वाक्यलाई तिरस्कार गरे। त्यसै गरी द्वैतवादीहरूले वेदमा भएका द्वैतवादी मन्त्रलाई आफ्ना इष्टपूर्तिका लागि स्वीकार गरे, अन्य मन्त्रहरूलाई त्याग गरे। यसप्रकार वेदमा रहेका द्वैतवादी र अद्वैतवादी मन्त्रहरूलाई अलगअलग गरी वेदका मन्त्रहरूलाई दुई भागमा विभाजन गरी वेदलाई नै दुई टुक्रा बनाई कसैले आदि मन्त्र मान्ने र कसैले आदि नमान्ने फेरि अर्काले पनि आदि मान्ने आदि नमान्ने गरेर भगवत् स्वरूप वेदलाई आफूखुशी व्याख्या गरे। सोही बेला

वेदका रक्षक ऋषिमुनिहरू आर्तपुकार गर्दै परमाराध्य भगवान् श्रीसर्वेश्वर प्रभुका श्रीचरणमा पुगी वेदरक्षार्थ प्रार्थना गरे अमलात्मा ऋषिमुनिहरूको प्रार्थना सुनी करूणार्थ भगवान् श्रीसर्वेश्वर प्रभुले आफ्ना प्रिय आयुधराज सुदर्शनचक्र प्रभुलाई उपदेश गर्दै भन्नुभयो- हे आयुधराज ! सनातन धर्मको रक्षार्थ तिमी पृथ्वीमा अवतार ग्रहण गर र वैदिक सनातन धर्मको रक्षा गर ।

सुदर्शनो द्वापरान्ते कृष्णज्ञाप्तो जनिष्यति ।
निम्बादित्य इति ख्यातो धर्मग्लानि हरिष्यति ॥

यसै प्रसङ्गलाई भविष्य पुराणमा भगवान् श्रीवेदव्यासले बताउनु भएको छ- हे ऋषीश्वर हो ! द्वापरको अन्त्य र कलियुगको प्रारम्भमा श्रीकृष्ण भगवान्‌को आज्ञाले निम्बार्काचार्यका रूपमा सुदर्शन भगवानको अवतार हुनेछ र ग्लानि हुँदै गरेको सनातन धर्मको उद्धार गर्नुहुनेछ । यसरी भगवद् आज्ञा पाएका सुदर्शनले भगवान्‌बाट वियोग हुनुपर्ने पीडाजन्य क्षणमा भावुक बन्दै निवेदन गर्नुभयो- 'हे प्रभु ! हजुरबाट धर्मरक्षार्थ पृथ्वीमा जाने आदेश भयो । मैले जन्म लिनुपर्ने कुल र स्थान कहाँ हो ?' सुदर्शनको वचन सुनी श्रीकृष्ण भगवान् भन्नुहुन्छ –



मेरुश्च दक्षिणे पार्श्वे नर्मदाया तटे शुभे ।
देशे तैलङ्ङ्केरण्ये देवर्षि वर शोभिते ॥
तत्रावतीर्य सद्धर्मान् नारादाद् देवदर्शनम् ।

हे सुदर्शन ! मेरू पर्वतको दक्षिणपार्श्व नर्मदा एवम् गोदावरी नजिकको सुरम्य तट देवर्षि नारदादिले परिसेवित पवित्र धर्तीमा तिमी अवतरित भई सद्धर्मको रक्षा गर ।

प्रभुबाट भएको यस आज्ञालाई शिरोपर गर्दै सुदर्शन चक्र पृथ्वीमा अवतरित हुन तत्पर हुनुभयो भने उता भगवान्‌द्वारा श्रीनारदमुनिलाई गोदावरीतटवासी परमतपस्वी अरूण र माता जयन्तीका घरमा तुरून्त पुत्रप्राप्तिको उपदेशका साथ नैमिषरण्यमा गई तपस्या गर्ने आदेश दिनुभयो । देवर्षिवर्य श्रीनारदमुनिको आदेशानुसार माता जयन्ती र पिता अरूणले देवर्षिवर्य श्रीनारदमुनिबाट सन्तान गोपालको मन्त्रदीक्षा ग्रहण गरी नैमिषारण्यतर्फ प्रस्थान गर्नुभयो । त्यसपछि नैमिषारण्यको पवित्र गंगा गोमती र चक्रकुण्डमा स्नान गरी चक्रकुण्डकै समीप व्यासगद्दीको सान्निध्यमा बसी भगवान् श्रीबालगोपालको कठोर मन्त्रजपपूर्वक तपस्या गर्नलाग्नु भयो ।

तपस्याको फलस्वरूप केही दिनमा उहाँलाई ईश्वर अनुग्रह प्राप्त भयो । राति शयन गरेर निदाएका बेला साक्षात् सुदर्शनचक्र माता जयन्तीदेवीका गर्भमा आएर प्रवेश गरेको देख्नुभयो । भावविह्वल अवस्थामा निद्राबाट ब्युँझिएर आफ्ना पतिदेव महर्षि अरूणलाई यो सबै घटना यथावत् सुनाउनुभयो । यसपछि नैमिषारण्यवासी ऋषिमुनिहरूका समीप गई पतिपत्नीले आदर पूर्वक सपना बताउनुभयो । जयन्ती माताको सपना सुनी नैमिषारण्यवासी ऋषिमुनिहरूले भन्नुभयो- हे माता ! तपाईंको व्रत पूरा भएको छ । अब आफ्ना घरतर्फ जानुहोस् । घरै बसेर भगवत् कीर्तन गर्नुहोस् । यहाँहरूका सबै इच्छा पूरा हुनेछन् ।' त्यसपछि ऋषिमहर्षिहरूको आशीर्वाद पाएर प्रसन्न ऋषिवर अरूण र माता जयन्ती आफ्नो जन्मभूमि गोदावरीतर्फ प्रस्थान गर्नुभयो । समय बित्दै गयो ।

कार्तिकस्य शीते पक्षे पूर्णिमावृषगेविधौ।
कृत्तिकारित्यसहिते ह्युच्चस्थेग्रहपञ्चके॥
मषलग्ने जनिः प्राप्त पुष्पवृष्टिसमाकुले।
आदिराशि हरि प्राच्यां दिशीन्दुरिवपुष्कलः॥
निम्बादित्य इति ख्यातो भगवाँश्च सुदर्शनः॥ (वामनपुराण)

कार्तिक महिनाको शुक्ल पक्ष, पूर्णिमा तिथि, चन्द्रमा वृष राशिमा भएको, कृतिका नक्षत्रसहित पाँचओटा ग्रह उच्चस्थानमा भएको मेष लग्नमा माता जयन्ती र पिता अरूण ऋषिका घरमा पूर्व दिशामा चन्द्रमा उदय भएझैं सुदर्शनचक्रावतार भगवान् प्रकट भई श्रीनिम्बार्काचार्यका नामले प्रख्यात हुनुभयो। त्यसै शुभजन्म बेलामा देवताहरूले धुमधामसँग आकाशबाट पुष्पवृष्टि गर्नुभयो । यसै जन्मप्रसङ्गलाई भविष्यपुराणमा पनि वर्णन गरिएको छ।

देशे तैलण्यकेपुण्ये द्विजवर्यो महामनाः।
सुदर्शनाश्रमे पुण्ये भृगुवंशसमुद्भवः॥
नाम्नारुण इति ख्यातो वेदवेदाङ्गपारगः।
ऋषिरूपधरश्चासिज्जयन्त्याभार्यया सह॥
समाहितं तेन तेजो विष्णुचक्रसमुद्भवम्।
तदारमनसा देवी जयन्ती पतिदेवता॥
तेजसा सुसुवे तेन चन्द्रेणैव दिशामला।
अतः सर्वगुणोपेतः कालः परमशोभनः॥
कार्तिकस्य शीते पक्षे पूर्णिमायां वृषे विधौ
कीर्तिभे महारण्ये उच्चस्थे ग्रहपञ्चके॥
सूर्यावसानसमये मेषलग्ने निशामुखे।
जयन्त्यां जयरुपिण्यां जजान जगदीश्वरः॥
तेन सर्वमिदं विश्वं वेदधर्मे नियोजितम्। (भविष्यपुराण)

अर्थात्, तैलङ्गदेशमा ब्राह्मणहरूमा उत्तम भृगुवंशमा उत्पन्न अरूण नाम गरेका वेदवेदाङ्गमा पारङ्गत ऋषि आफ्नी पत्नी जयन्तीका साथ निवास गर्नुहुन्थ्यो । त्यस पुण्य सुदर्शन आश्रममा ऋषि अरूणकी पत्नी जयन्ती माताका गर्भमा भगवान् श्रीकृष्णका करकमलमा विराजमान आयुधराज श्रीसुदर्शन चक्र नै प्रवेश गर्नुभएको थियो, त्यो अमिततेजरूप सुदर्शनलाई माता जयन्तीले आफ्ना पवित्र गर्भमा धारण गर्नुभएको थियो । सुदर्शनचक्रलाई आफ्ना गर्भमा धारण गरेकी माता जयन्ती चन्द्रमाले झैं चारै दिशालाई प्रकाशमान पार्दै सम्पूर्ण गुणहरूले युक्त परममङ्गलमय बेला कार्तिक महिनाको शुक्लपक्षको पूर्णिमा चन्द्रमा वृष राशिमा भएको र कृत्तिका नक्षत्रयुक्त पाँचै ग्रह उच्च भएका मेषलनयुक्त सन्ध्या कालमा जयरूपिणी जयन्तीका गर्भबाट यो विश्वमा वैदिक वेद धर्मको रक्षा गर्नका लागि स्वयम् जगदीश्वरले नै निम्बार्काचार्यका रूपमा अवतार लिनुभयो। त्यस्तै भृगुसंहितामा निम्बार्काचार्यको जन्मस्थान र लक्षण बताउँदै अर्को श्लोकमा भनिएको छ

आजानुलम्बितो बाहु कृष्णाज्ञया जनिष्यति।
मेरुश्च दक्षिणे पार्श्वे नर्मदा तटके शुभे॥
निम्बादित्य इति ख्यातो भगवाँश्च सुदर्शनः। (भृगुसंहिता)

मेरू पर्वतको दक्षिण नर्मदा गोदावरी तटमा भगवान् श्रीकृष्णका आज्ञाद्वारा घुँडासम्म पुग्ने लामा हात भएका अद्भूत बालक निम्बादित्यका रूपमा भगवान् सुदर्शनले अवतार लिनुहुनेछ । त्यस्तै वामनपुराणमा निम्बार्काचार्यको स्वरूप र आभूषण वस्त्रधारण र यस धर्तीमा आउनुको प्रयोजनको वर्णन गर्दै बताइएको छ–

तिलकं धौतवस्त्रञ्च शिखासूत्रकमण्डलुम्।
आचार्य आसीद् गुणात्मा पञ्चमुऽाधरो द्विजः॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे॥ (वामनपुराण)

भगवान् श्रीनिम्बाचार्यको बाह्य स्वरूप र लक्षण बताउँदै भनिएको छ, उहाँ नित्य धोती वस्त्रधारण गर्नुहुन्थ्यो। साथै, ऊर्ध्वपुण्ड तिलक, शिखासूत्र, यज्ञोपवीत र हातमा कमण्डलु धारण गर्नुहुन्थ्यो। साथै, पञ्चमुद्राधारण गर्नुहुन्थ्यो।

पुण्ड्रा मुद्रा तथा मालां मन्त्रनामश्च पञ्चमम्।
अमी हि पञ्चसंस्कारैः संस्कृतो वैष्णवो भवेत्॥

ऊर्ध्वपुण्ड तिलक, मुद्रा, शङ्खचक्र, तुलसीको माला, मन्त्र (भगवत्सम्बन्धी दीक्षा) साथै अन्त्यमा भगवत् सम्बन्धी नाम राख्नु यी पाँच संस्कारलाई नै (पञ्चमुद्राधरो द्विजः) भनिएको हो। त्यसैगरी निम्बार्काचार्यको आन्तरिक स्वरूपको विषयमा वर्णन गर्दै आचार्य आसीत् गुणात्मा **भन्ने शब्द आएको छ । गुणात्मा भन्नाले भगवत्पाद निम्बार्काचार्यमा तीनै प्रकारका गुण अन्तर्निहित थिए । त्रिगुण भन्नाले सत्व, रज, तम गुण र त्योभन्दा पनि माथि गुणातीतसमेत उहाँको अन्तस्करणको लक्षण बताइएको हो। साथै आत्मा**

र परमात्मासम्बन्धी गुण रहस्यको समेत पूर्ण ज्ञान भएकाले उहाँलाई गुणात्मा भनिएको हो ।

भगवत्पाद निम्बार्काचार्य यस धर्तीमा साधुहरूको रक्षा गर्न, दुष्टहरूको विनाश गर्न र धर्मको स्थापना गर्नका लागि युगयुगमा अवतार लिने गर्नुहुन्छ–

निम्बादित्य इति ख्यातो धर्मग्लानि हरिष्यति । (भविष्यपुराण)

भगवत्पाद निम्बार्काचार्यको अवतार धर्मको ग्लानि भएको बेला धर्मको अभ्युदय गर्नका लागि नै भएको हो । भविष्यपुराणमा पनि निम्बार्काचार्यको अवतरणको प्रयोजन बताउँदै भन्नुभएको छ–

जयन्त्यां जयरुपिण्यां जजान जगदीश्वरः ।

येन सर्वमिदं विश्वं वेदधर्मे नियोजितम् ॥

यो सम्पूर्ण विश्व वेदधर्मद्वारा नियोजित छ । त्यही सर्वव्यापक सनातन वेद धर्मको रक्षार्थ जगदीश्वर भगवान्ले जयरूपिणी जयन्ती माताका गर्भबाट अवतार ग्रहण गर्नुभयो भन्दै निम्बार्काचार्यको अवतार नै वेदधर्म रक्षाका लागि नैं भएको भन्ने प्रयोजन बताइएको छ । त्यस्तै भृगुसहितामा निम्बार्काचार्यको अवतरणको प्रयोजन बताउँदै भृगुऋषिले भन्नुभएको छ–

सुदर्शनस्य चांशु यं पूर्वजन्मनि भो मुनेः ।

चैकदा समये तार्थ कृष्णाश्चाज्ञापयत्स्वयम् ।

धर्मप्रचारणार्थाय चावतरस्तु भूतले

तेनादिष्टेन मुनिना वेदधर्मप्रचारितः ।

स्वयम् भगवान् श्रीकृष्णको आज्ञालाई पालन गर्दै सुदर्शन चक्र नै यस धर्तीमा वेदधर्मको प्रचारार्थ अवतार ग्रहण गर्नुभयो र उनै आचार्यद्वारा सर्वत्र वेद धर्मको प्रचारप्रसार भयो अगाडि भन्नुहुन्छ–

अस्थापयत् सम्प्रदायं स्वनाम्ना च महामते ।

ग्रन्थाश्च विविधा ब्रह्मन् वेदवेदान्तमूलकाः ॥

निर्मिताश्च महाप्राज्ञः भक्तानां मोक्षहेतवे ।

दिग्विजयी महाबुद्धे स्वीयविद्याप्रभावतः ॥

उनै आचार्यवर्य निम्बार्काचार्यले आफ्नै नाममा स्वसम्प्रदायको स्थापना गरी धर्मशास्त्रहरूको मूल वेद र वेदान्तको भाष्यसहित भक्तजनहरूको कल्याण र मुक्तिका लागि विभिन्न धार्मिक ग्रन्थहरूको रचनासमेत गर्नुभयो । वेदवेदान्तमा विशिष्ट ज्ञान भएका निम्बार्क भगवान्ले आफ्नै ज्ञानका प्रभावद्वारा शास्त्रार्थरूपी महायुद्धमा दिग्विजय प्राप्त गर्नुभयो । भृगुसंहितामा महर्षि भृगु निम्बार्काचार्यको जन्मपत्रिकाको फलादेश गर्दै बताउनुहुन्छ–

वेदविद्या महाप्राज्ञः वेदधर्मप्रचारकः ।

तत्वज्ञानप्रबुद्धाश्च नारदाश्च महामुने ॥ (भृगुसंहिता)

निम्बार्काचार्य वेदविद्यामा विशेष ज्ञानी हुनुहुनेछ । साथै उहाँबाट वेदधर्मको व्यापक प्रचार हुनेछ । विशिष्ट ज्ञानले युक्त सनकादि नारदादिका तुल्य तत्त्वज्ञानी हुनुहुनेछ भनेर बारम्बार निम्बार्काचार्यको अवतार नै वेद धर्म प्रचारको उद्देश्यका साथ भएको कुरा प्रष्ट बुझिन्छ ।

यसैगरी भगवत्पाद निम्बार्काचार्यको जन्म द्वापरान्त या द्वापरयुगको अन्तिम र कलियुगको प्रारम्भतिर भएको स्पष्ट उल्लेख पुराणहरूमा पाइन्छ । जस्तै भविष्यपुराणको यो श्लोक मननीय छ –

सुदर्शनो द्वापरान्ते कृष्णज्ञाप्तो जनिष्यति ।

निम्बादित्य इति ख्यातो धर्मग्लानि हरिष्यति ॥

भगवान् श्रीकृष्णका आज्ञाद्वारा सुदर्शन चक्र नै 'द्वापरान्ते' द्वापरका अन्त्यमा अवतरित हुनुभयो । त्यसैगरी भृगुसंहितामा भनिएको छ–

द्वापरान्ते कलेरादौ देशेतैलङ्गके शुभे ।

पितारुण इति ख्यातो जयन्ती जननी सती ॥

द्वापरान्त कलियुगको आदिमा तैलङ्ग देशमा माता जयन्ती र पिता अरूणका पुत्रका रूपमा निम्बार्काचार्यको अवतार भयो भनिएको छ । यस्ता अनेकानेक प्रकरणहरू प्रशस्त पाइन्छन् । परन्तु यस्ता प्रमाण हुँदाहुँदै तथाकथित लेखक विद्वान्हरू अनभिज्ञजस्तै बनी भगवान् निम्बार्काचार्यको जन्म ई.सं. ११६२ मा भन्नसमेत पछि पर्दैनन् । यो भ्रम हो । आद्याचार्य जगद्गुरू श्रीनिम्बार्काचार्य भगवान्को अवतार द्वापरान्तमा नै हो भन्ने अनेकानेक प्रमाण पाइन्छन् । तसर्थ यस्ता अनेक शास्त्रीय प्रमाण हुँदाहुँदै शास्त्रहरूको अध्ययन नगरी समाजमा भ्रम फैलाउने काम कसैले पनि गर्नुहुँदैन, शास्त्रले सनातन धर्मका प्रचारक सबै आचार्य जगद्गुरुहरूलाई आचार्य नामले मात्र पुकारेको छ । तर आद्यजगद्गुरू भगवत्पाद श्रीनिम्बार्काचार्यलाई साक्षात् भगवान् नै भनेर पुराणहरूमा सम्बोधन गरिएको छ । जस्तै भविष्यपुराणको श्लोकलाई प्रमाण दिदै निर्णयसिन्धुकार

कमलाकर भट्टले निर्णयसिन्धु ग्रन्थमा भन्नुभएको छ–

निम्बार्को भगवान् एषां वाञ्छितार्थप्रदायकः ।

अर्थात् भगवान् श्रीनिम्बार्काचार्य सम्पूर्ण चिताएको फल दिनेवाला हुनुहुन्छ भनिएको छ । त्यस्तै अर्को ठाउँमा भविष्यपुराणमा पनि भनिएको छ ।

ॐ मित्यादेशमादाय भगवान् श्रीसुदर्शनः
भक्ताभीष्टप्रदः साक्षादवतीर्णो महीतले ॥

प्रभुको आज्ञा पाएर भक्तजनहरूको अभीष्ट पूरा गर्नका लागि साक्षात् श्रीसुदर्शन भगवान् नै यस पृथ्वीतलमा अवतीर्ण हुनुभयो । यहाँ पनि आचार्य नभनेर भगवान् भनिएको छ । त्यसैगरी वामनपुराणमा पनि त्यस्तै प्रसङ्ग वर्णन गरिएको छ

देवदेवं परं बीजं वेदमार्गमनुत्तमम्
गुह्यं प्रख्यातितं लोके लोकानुग्रहेतवे ॥
स एव भगवान् भूयो लोकानुग्रह हेतुना ।
नारायणाश्रमे जातो श्रीनिमानुजरूपतः ॥

लोकलाई अनुग्रह गर्न उनै भगवान् श्रीहरि निम्बार्काचार्यका रूपमा प्रकट हुनुभयो । त्यसैकारण यहाँ पनि निम्बार्काचार्यलाई भगवान् भनिएको छ । भविष्योत्तरपुराणमा पनि यस प्रकार बताइएको छ–

तस्माद्वै ब्राह्मणास्तस्यां जातः प्रभुरमायया ॥
कार्तिके पौर्णिमायां वै सायंकाले प्रभुः स्वयम् ॥

स्वयम् भगवान् नै कार्तिक शुक्ल पूर्णिमाको सायं कालमा आफ्नो मायाले युक्त भई ब्राह्मणका घरमा प्रकट हुनुभयो । त्यस्तै वामनपुराणको यो श्लोक पनि चिन्तन गर्न योग्य छ–

आभिरासिद्धरि प्राच्यां दिशीन्दुरिव पुष्कलः ।
श्रीमन्निमानुजाचार्यो हरेरंशः सनातनः ॥

साक्षात् सनातन हरि भगवान्कै अंश श्रीनिम्बार्काचार्य भगवान् हुनुहुन्छ । तसर्थ, यहाँ पनि निम्बार्काचार्य हरि अंशभूत भगवान् नै हो भन्ने कुरा बताइएको छ वामनपुराणमा अर्को श्लोकका माध्यमबाट सङ्केत गरिएको छ–

भविता निम्बार्काचार्यो द्विजरूपधरः प्रभुः

परमाराध्य परमप्रभु नै ब्राह्मण रूप धारण गरी निम्बार्काचार्यका रूपमा प्रकट हुनुभयो । महत्त्वपूर्ण पुराणका रूपमा चर्चा पाएको भविष्यपुराणमा वर्णन छ–

जयन्त्यां जयरुपिण्यां जजान जगदीश्वरः ।
येन सर्वमिदं विश्वं वेदधर्मे नियोजितम् ॥

वेदधर्मको रक्षार्थ नै माता जयन्तीका गर्भबाट जगदीश्वर भगवान् श्रीनिम्बार्काचार्यका रूपमा अवतीर्ण हुनुभयो । भृगुसंहितामा महर्षि भृगुले निम्बार्काचार्यको जन्मबेलाको योगहरूको वर्णन गर्दै भन्नुभएको छ–

हरेरंशे भवेज्जन्म सत्यं वच्मिमहामुने ।

हे महामुने ! आफ्नो बचनलाई सत्य गर्न भगवान् श्रीहरिका अंशरूप श्रीनिम्बार्क भगवान्को जन्म भएको हो । त्यसैगरी भृगुसंहिताकै अर्को ठाउँमा भृगुशुक्र संवादका क्रममा निम्बादित्य इति ख्यातो भगवांश्च सुदर्शनः भनेर साक्षात् भगवान् श्रीसुदर्शन चक्र नैं निम्बार्काचार्यका नामले ख्यातिप्राप्त हुनुभयो । यसरी निम्बार्काचार्य भगवत्पादलाई साक्षात् भगवान् शब्दले सम्बोधन गरिएको छ । त्यस्तै शक्तिसङ्गमतन्त्रले खुलेर स्पष्ट पारेको छ–

निम्बार्काख्यं सम्प्रदायं श्रृणु यत्नेन साम्प्रतम् ।
नित्यार्चनः प्रमाशक्तः स्वतन्त्रैकपरायणः ।
बाह्यपूजादि निरतो नान्य भक्तः प्रसन्नधिः ।

शक्तिसङ्गमतन्त्रको "निम्बार्को भगवान् हरिः" भन्ने शब्दले स्पष्ट रूपमा जगद्‌गुरू निम्बार्काचार्यलाई भगवान् नै भएको घोषणा गर्‍यो । तसर्थ, जगद्‌गुरू श्रीनिम्बार्काचार्य अन्य धर्माचार्यहरूजस्तो धर्मप्रचारक आचार्य मात्र नभएर साक्षात् भगवान् श्रीहरि नै हुनुभएकाले आदिआचार्य श्रीनिम्बार्काचार्य सम्पूर्ण वैदिक सनातन धर्मावलम्बीका आराध्य भगवान् नै हुनुहुन्छ । यदि सम्प्रदायभेदबुद्धि राखेर सनातन धर्मावलम्बीहरूले उहाँको सम्मान, उपासना, आराधना र व्रत महोत्सव आदि गर्दैनन् भने भविष्योत्तरपुराणमा यसको फल यसरी बताइएको छ–

न करोति व्रतं चैव स याति नरकं ध्रुवम् ।
महोत्सवं महाकार्यं निम्बार्कस्य प्रयत्नतः ॥

जसले भगवान् श्री निम्बार्काचार्यको जन्मोत्सवका दिन व्रत उपवास गर्दैन भने त्यो मनुष्य सीधै नरक जान्छ । त्यसको कुनै अवस्थामा पनि मुक्तिको कल्पना गर्न सकिँदैन । तसर्थ सम्पूर्ण सनातन धर्मावलम्बीहरूले जगदगुरू भगवान् श्रीनिम्बार्काचार्यको प्राकट्य दिवस कार्तिक शुक्ल पूर्णिमाका दिन परमकर्तव्य सम्झी प्रयत्नपूर्वक महामहोत्सवका रूपमा उत्सव मनाउनुपर्छ ।

भगवान् श्रीनिम्बार्कको नामको विशेषताः

निम्बार्क नाममाथि विचारविश्लेषण गर्दा निम्बार्क शब्दका चार प्रकारका सुसंगत अर्थ मिल्न आउँछन् । निम्ब शब्दको अर्थ वृक्ष हो । यो संसारलाई विशाल निम्ब वृक्षरूप मानी निम्बको अर्थ संसार पनि भन्न सकिन्छ । संसारको वास्तविकता कहिल्यै मीठो हुँदैन । जसरी निम्ब वृक्षका सबै पात, पुष्प, दाना सबै तीता हुन्छन्, त्यस्तै यो प्रपञ्चरूपी जगत् पनि असारे दुःखसंसारेको आधार लिएर हेर्दा दुःखैदुःखरूपी संसार नै निम्बवृक्ष हो । त्यसकारण जसरी निम्ब तीतो हुन्छ, त्यस्तै संसार प्रपञ्च व्यावहारिक जगत् पनि तीतो हुन्छ । किनभने, संसारका भोग्य वस्तुहरूको फल सुरुमा सुखजस्तो भए पनि परिणामतः दुःख या तीतो नै हुन्छ । तसर्थ, निम्ब भन्नु दुःखरूपी संसार भन्ने हो । त्यसैगरी अर्क भन्नु सूर्य या प्रकाश ज्ञान हो जसबाट दुःख निवृत्ति हुन्छ । यसरी निम्बरूपी अन्धकारमा अर्करूपी सूर्य उदाउनु नै निम्बार्क हो ।

१) निम्बाय अर्कः यसरी चतुर्थी तत्पुरूष समास गर्नाले संसारको (सांसारिक जीवहरूको) अज्ञानरूप अन्धकार दूर गर्नका लागि नै अर्क (सूर्य) स्वरूप हुनुहुन्छ । त्यसैकारण उहाँको नाम निम्बार्क भएको हो ।

२) निम्बे अर्कः यसप्रकार सप्तमी तत्पुरूष समास गर्दा अर्थ हुन्छ– सूर्य जसरी संसारको अन्धकारलाई दूर गर्नुहुन्छ, त्यसैगरी यस संसारमा रहेका संसाररूपी बन्धनले बाँधिएका जीवहरूको अज्ञानान्धकार दूर गरिदिने तत्त्व नै निम्बार्क हो ।

३) त्यस्तै सप्तमी तत्पुरूष समासमा यो पनि अर्थ गर्न सकिन्छ, निम्ब माने 'संसारमा' अर्क माने 'परमात्मा' अर्थात् जो संसारमा सबै प्राणीका अन्तरात्मामा अन्तर्यामीका रूपमा विद्यमान हुनुहुन्छ, त्यही परमतत्त्व निम्बार्क हो । किनभने, सुदर्शन चक्र भगवान् स्वरूप शक्ति हो, जो परमात्मासँग अभिन्न छ । निम्बार्क उसै सुदर्शन चक्रको अवतार हो । अतः निम्बार्क पनि तत्त्वतः परमात्मास्वरूप नै हुनुहुन्छ ।

४) प्राणो वै अर्क (शतपथब्राह्मण १०, ४.१.२५) यस प्रमाणका आधारमा अर्कको अर्थ प्राण हो । अतः निम्बस्य अर्कः यस षष्ठी तत्पुरूष समासको यस्तो अर्थ हुन्छ, निम्ब भनेको संसार र अर्क भनेको प्राण । अर्थात् चराचर जगत्को प्राण जो हो, त्यही नै निम्बार्क हो ।

५) सर्वरोगहरो निम्बः भन्ने शास्त्रीय वचनका आधारमा यो संसारमा जति पनि शरीरधारी मनुष्य छन्, तिनीहरूका शरीरमा रहेको रोगको एक मात्र जडी औषधि निम्ब हो । त्यसै निम्बको अर्क भनेको रस हो । जसरी निम्ब वृक्षको रसबाट शरीरका सम्पूर्ण रोग नष्ट हुन्छन्, त्यसैगरी भवरोगरूपी विषयाग्रस्त मनुष्यलाई पनि यो भवसागररूपी रोगबाट मुक्ति दिलाउने एक मात्र महौषधि निम्बार्क मात्र हुनुहुन्छ । उहाँकै उपदिष्ट भक्तिमार्गको अवलम्बनले मात्र मनुष्य संसाररूपी भवसागरबाट मुक्त हुन सक्छ ।

६) पुरुषार्थप्रदर्शतत्वात् एवाङ्गीकृतया स्वयम् ।
कर्मणा मोक्षरूपेण निम्बार्क इति विश्रुतः ॥

अर्थात् चारै पुरूषार्थ (धर्म, अर्थ, काम, मोक्ष) को वर्षा गर्ने स्वयम् सेवक बनी अनन्य भावले परमाराध्य श्रीयुगलकिशोर भगवान्को सेवा गर्ने तथा मोक्षरूप कर्म गर्ने भएका कारण नै सुदर्शनावतार आचार्यश्रीलाई निम्बार्क भनिएको हो ।

भविष्यपुराणमा निम्बार्क भगवान्का विषयमा एउटा सुन्दर कथा वर्णित छ–

विरञ्चिरेकदा तस्मिन् निम्बार्कस्याश्रमे शुभे ।
समागत्याह भो ब्रह्मन् ! प्राप्तोऽहं क्षुधयामृतः ॥
यावत् सूर्यः स्थितो व्योम्नि तावन्मां भोजय द्विज ।
इति श्रुत्वा तथेत्युत्वा ददौ तस्मै च भोजनम् ॥
तदा तु भगवान् सूर्यो ह्यस्ताचलमुपागतः ।
मुनिना ऋषिणा तेन निम्बवृक्षे तदा शुभे ॥
स्थापितं तेजसास्वेन तेजस्तत्वं सुदर्शनम्
तत्तेजः सूर्यसङ्काशं दृष्ट्वा वेदा मयान्वितः ॥
भिक्षुभेषधरं बालं मुनिसूर्यरिवापरम् ।
ननाम दण्डवद्भूमौ तपसा तस्य तोषितः ॥
उवाच वचनं रम्यं साधु साध्विति पूजयन्
निम्बादित्य इति ख्यातो वसुधायां भविष्यति ॥

एक दिन लोकपितामह ब्रह्माजी छद्मभेष धारण गरी संन्यासी भएर घुम्दै अरूणाश्रममा पुग्नुभयो । भोकप्यासले आकुलव्याकुल छद्मरूपधारी ब्रह्माजीलाई बालक नियमानन्दले भोजन गर्न आग्रह गर्नुभयो तर संन्यास धर्मका आधारमा सूर्यास्त भएपछि भोजन गर्न निषेध गरिएको

हुनाले संन्यास रूपधारी ब्रह्माजीले भोजन नगरी हिँड्न लाग्नुभयो । सो देखेर निम्बको वृक्षमा सूर्यसमान चक्रको तेज स्थापित गरी उज्यालो सूर्यको दर्शन गराई भोजन गराउनुभयो । तसर्थ, निम्बको वृक्षमा सूर्यको दर्शन गराएको हुनाले नै आचार्यश्रीको नाम निम्बार्काचार्य भनि लोकविख्यात हुन पुगेको हो । यस्ता प्रसङ्ग अन्य विभिन्न पुराणहरूमा पनि प्रशस्त पाइन्छन् ।

यस्ता सर्वगुणसुसम्पन्न सर्वज्ञ, सर्वश्रेष्ठ आचार्य निम्बार्कको दिक्दिगन्त सुकीर्ति फैलिएको सुनेर परीक्षार्थ निम्बार्कका आश्रममा आउँदा निम्बका वृक्षमा सूर्यको दर्शन गराएको हुनाले लोकपितामह ब्रह्माजीबाट बालक नियमानन्दलाई श्रीनिम्बार्काचार्यका रूपमा सम्मानित आचार्यश्रीलाई भक्तिपथका परमाचार्य देवर्षिवर्य श्रीनारदमुनिले गोपालपूर्वतान्योपनिषद्मा वर्णन गरिएको मन्त्रमन्त्रराज अष्टादशाक्षर श्रीगोपाल महामन्त्रको उपदेश दिँदै वैदिक सनातन धर्मरक्षार्थ वेदवेदान्त ब्रह्मसूत्रमाथि भाष्य गर्ने प्रेरणासमेत प्रदान गर्नुभयो । आफ्ना गुरूदेव देवर्षिवर्य श्रीनारदमुनिका आज्ञानुसार द्वैत अद्वैतवादको चपेटामा परी क्षतविक्षत हुँदै गरेको वेद र वैदिक समाजको रक्षाका लागि मध्यमार्गी बाटो अपनाई श्रुतिस्मृतिपुराण धर्मशास्त्रादि सम्मत स्वाभाविक द्वैताद्वैत नामक वेदान्त सिद्धान्तको स्थापना गरी सर्वधर्मसमन्वयका साथ वेदको रक्षा गर्नुभयो यही नै आचार्यश्रीको अद्भुत कार्य थियो । भनिएको पनि छ–

आम्नाय रसमुद्धृत्य विप्रपालं सुदर्शनम् ।
स्वया भाषाग्रहासन्नं ग्राहयामास नारदः ॥ (नैमिषखण्ड)

देवर्षिवर्य श्रीनारदमुनिले ब्राह्मणपालक सुदर्शनावतार श्रीनिम्बार्काचार्यलाई वेदहरूको सार उद्धृत गरेर आफ्नै वाणीद्वारा उपदेश नाम निम्बार्काचार्य भनी लोकविख्यात हुन पुगेको गर्नुभयो–

वीणापाणेगुरुर्लब्ध्वा मोक्षोपायं सुदर्शनः ।
वेदान्तवेद्य सद्धर्म समग्राहौ च सर्वशः । (काशीखण्ड)

त्यसपछि सुदर्शनावतार भगवद आचार्यश्री निम्बार्कले देवर्षि नारदमुनिलाई गुरू रूपमा प्राप्त गरेर सद्धर्मरूप सम्पूर्ण दर्शनहरूमा जान्न योग्य वेदान्तदर्शनको राम्रो प्रकारले ग्रहण गर्नुभयो निम्बार्काचार्य स्वयम् आफ्नै ब्रह्मसूत्रभाष्यमा भन्नुहुन्छ–

परमाचार्य श्रीकुमार्यैरस्मद्गुरवे श्रीमन्नारदायोपदिष्टो भूमत्वे विजिज्ञासितव्य ।

मेरा परमाचार्य सनकादि मुनिहरूका प्रिय शिष्य मेरा गुरू देवर्षि श्रीनारदमुनिले भूमा भगवान्का विषयमा विचार गर्दा मलाई भन्नुभयो भन्दै श्रीनिम्बार्काचार्यले सम्पूर्ण वेदान्तविद्या भक्तिपथका परमाचार्य श्रीनारदमुनिबाट नै प्राप्त गर्नुभएको बताउनुभएको छ । निम्बार्काचार्यका आदरणीय गुरू देवर्षि श्रीनारदमुनिकै कृपा एवम् ज्ञानद्वारा नै आचार्यश्रीले सम्पूर्ण दर्शन एवम् सिद्धान्तको साररूप एवम् समन्वयात्मक सिद्धान्तको स्थापना र ब्रह्मसूत्रमाथि स्वाभाविक द्वैताद्वैत सिद्धान्तको भाष्य गर्नुभयो । त्यो सिद्धान्त नै श्रुतिस्मृतिपुराणसम्मत सिद्धान्त हो । सर्वेषां मूलस्वरूपं श्रीनिम्बार्कदर्शनम् यही नै विद्वान्हरूका लागि सर्वग्राह्य सिद्धान्त पनि हो । जस्तै भनिएको पनि छ –

वेदान्त – पारिजातस्य सौरभं विदुषां मनः ।
हरतेमितरां युक्तिः प्रमाणसमलङ्कृतम् ॥

आद्याचार्य भगवत्पाद श्रीनिम्बार्काचार्यद्वारा भाष्य गरिएको वेदान्तपारिजातसौरभ युक्तिप्रमाण एवम् वाक्यहरूले सुशोभित छ । यो आकर्षक रचनाले विद्वान्हरूको मनलाई सधैं आकर्षित गरिरहन्छ । भनिएको पनि छ–

सावधानमधीते यो दशश्लोकीं मनोरमाम् ।
स द्वैताद्वैत वेदान्त सिद्धान्तमवगच्छति ॥

जो जिज्ञासु मन लगाएर आचार्यश्रीबाट रचना गरिएको हृदयहारिणी वेदान्त दशश्लोकीको अध्ययन गर्दछ, त्यसलाई द्वैताद्वैतसिद्धान्तको स्वतः ज्ञान प्राप्त हुन्छ । श्रीशङ्कराचार्यको अद्वैत, श्रीमध्वाचार्यको द्वैत, श्रीरामानुजाचार्यको विशिष्टाद्वैत, श्रीबल्लभाचार्यको शुद्धाद्वैतभन्दा पनि अति नै व्यावहारिक यथार्थपरक र समन्वयात्मक सिद्धान्त नै आद्यजगद्गुरू भगवत्पाद श्रीनिम्बार्काचार्यको स्वाभाविक द्वैताद्वैत सिद्धान्त हो, जो सम्पूर्ण आस्तिकहरूका लागि सर्वग्राह्य छ । निम्बार्काचार्य स्वयम्ले ब्रह्मसूत्र भाष्यको क्रममा भूमाप्रकरणमा आफ्ना गुरुबाट प्राप्त ज्ञानका विषयमा स्पष्ट पार्दै गुरुपरम्पराको समेत वर्णन गर्नुभएको पाइन्छ । त्यसले पनि निम्बार्क सम्प्रदाय सर्वप्राचीन र अनादित्व सिद्ध हुन्छ ।

परमाचार्यै श्रीकुमार्यैरस्मद्गुरवे श्रीमन्नारदायोपदिष्टो भूमात्येव विजिज्ञासितव्य आफ्ना गुरू भक्तिपथका आचार्य

देवर्षिवर्य श्रीनारदमुनि र परमाचार्य श्रीसनकादि चार मुनिहरूले भन्नुभएको जसबाट भूमा पुरूषका विषयमा सुन्नु भएको थियो । त्यस्तै गुरू परम्पराका विषयमा अझ स्पष्ट पार्दै शक्तिसङ्गतन्त्र ग्रन्थमा बताइएको छ –

नारायणमुखाम्भोजान् मन्त्रस्त्वष्टादशाक्षरः ।
आविर्भूतः कुमारैस्तु गृहीत्वा नारदाय वै ॥
उपदिष्टः स्वशिष्याय निम्बार्काय च तेन तु ।
एवं परम्परा प्राप्तो मन्त्रस्त्वष्टादशाक्षरः ॥

नीर र क्षीर छुट्टयाउन सक्ने क्षमता केवल हंसमा मात्र हुन्छ । भगवान् श्रीकृष्ण परमात्माले हंसरूप धारण गरी तत्वजिज्ञासु श्रीसनकादि मुनिहरूलाई तत्वोपदेशसहित वैदिक उपनिषद्मा वर्णित परमपवित्र अष्टादशाक्षर श्रीगोपालमहामन्त्रको दीक्षासहित भगवद्दर्शनको उपदेश गर्नुभयो । त्यही शिक्षा आचार्यवर्य सनकादि मुनिहरूले भक्तिपथका आचार्य देवर्षिवर्य श्रीनारदमुनिलाई उपदेश गर्नुभयो । त्यही दीक्षाशिक्षा र उपदेश पाँच हजार वर्षपूर्व द्वापरयुगको अन्त्यमा आयुधराज श्रीसुदर्शनावतार भगवत्पाद आचार्यवर श्रीनिम्बार्काचार्य भगवानलाई उपदेश गर्नुभयो ।

यस्ता अनगिन्ति वैदिक पौराणिक श्रुति स्मृति मन्त्र तन्त्र, यामल, संहिता, पुराण, साहित्यमा व्यापक चर्चा पाउनुभएका निम्बार्काचार्यको सिद्धान्त उपासना, आराधना, व्यवहार र यथार्थताले नै आज विश्वसामु उहाँको सिद्धान्त उपासनाले लोकप्रियता प्राप्त गर्दै अगाडि बढेको पाइन्छ । तसर्थ, आधुनिक युगमा च्याउझैं उम्रदै गरेका तथाकथित अनेक पाखण्ड वेदपुराणश्रुतिस्मृतिविरोधी स्वच्छन्दाचारी पन्थ, मार्ग, सम्प्रदायमा अन्धधुन्ध हाम फाली जीवन बर्बाद नपारौं । यो कलियुग हो । धर्मका आडमा व्यापार गर्ने व्यापारी, सम्प्रदाय आधुनिक युगमा धमाधम जन्मदै छन् । उनीहरूको चाप्लुसीपूर्ण कथाकहानी धर्मशास्त्रविरूद्ध व्याख्या/विवेचनाले हाम्रो समाज यथार्थताको धरातलबाट निकै टाढा पुगेजस्तो लाग्दै छ ।

यसप्रकारले आफ्नो कर्तव्यबाट चुकी लहलहैमा लागेर आधुनिक बजारे धर्म खरिद गर्न लाग्यो भने भविष्यमा न त व्यक्ति स्वयम्, न व्यक्तिले मानेको देवता, न धर्म, न वेदपुराण, न संस्कृति रहन्छ, न त वैदिक सभ्यताको उद्‌गमस्थल केही पनि रहँदैन । तसर्थ, यस्ता भ्रमभ्रान्ति, व्यापार, कुचाल, कुचक्र, पाखण्डरूपी शब्दजालमा नपरी वैदिक सनातन धर्मका महान् धर्माचार्यहरूद्वारा उपदिष्ट सनातन धर्मको उपदेश ग्रहण गरी जीवन सफल पारौं । यही यथार्थ, वैदिक समन्वयात्मक निष्ठालाई भगवत्पाद निम्बार्क प्रभुबाट विश्वमा दिनुभएको उपदेश आजको संसारमा फेरि



विवाह पञ्चमी

-सहप्रा. डा. बिनु बाबा अर्याल

हाम्रो देश नेपाल संविधानमा उल्लेख नगरिए पनि विश्वमा एकमात्र हिन्दु राष्ट्रको रूपमा रहेको छ। हिमालयको सुन्दर, शान्त, शीतल काखमा अवस्थित नेपाल हिमाली सभ्यता र संस्कृतिको केन्द्र तथा बहुजातीय एवम् बहुभाषिक राष्ट्र हो। यहाँ निवास गर्ने जातजातिका आ-आफ्ना कला, कौशल, आ-आफ्नै गीत सङ्गीत, आ-आफ्नै नृत्य, नाटक, आ-आफ्नै धार्मिक, दार्शनिक अवधारणा छन् तापनि ती सबै राष्ट्रिय एकताका अटूट सूत्रमा गाँसिएका छन्। ती सबै नै आ-आफ्नो संस्कृतिको रक्षा गर्दै समयसापेक्ष रूपमा आधुनिकीकरणतर्फ ध्यान दिँदै सहिष्णुता र सहअस्तित्वको सिद्धान्तमा बाँचेका छन्। नेपालमा रहेका विविध संस्कृति मध्ये मैथिली संस्कृति पनि एक समृद्ध, समुन्नत र गौरवशाली संस्कृति हो।

मैथिली संस्कृतिको सौरभबाट मिथिलाञ्चलमात्र होइन सम्पूर्ण नेपाल गौरवान्वित भइराखेको छ। जगज्जनी जानकीको जन्मभूमि जनकपुर मिथिलाको प्राचीन राजधानी रहेकोमा सम्पूर्ण मिथिलाञ्चल आफूलाई गौरवान्वित ठान्दछ। राजा जनकको राजधानी मानिने जनकपुर मैथिली संस्कृतिको केन्द्र हो। यहाँको संस्कृतिमा कतिपय आदर्श पर्वहरू उपलब्ध छन्। तिनीहरूमध्ये विवाहपञ्चमी एक महत्त्वपूर्ण पर्व हो जुन आज पनि अनुकरणीय र सह्रानीय छ।

विवाहपञ्चमी पर्व वैदिककालदेखि नै मिथिला क्षेत्रमा विकसित हुँदैआएको छ। हिन्दु धर्म दर्शनमा विवाहलाई पवित्र संस्कारको रूपमा लिइन्छ। वेद शास्त्र र वेदाङ्गको अध्ययन पुरा गरेर गुरू सेवा गरी आज्ञा लिएर घर गई गार्हपत्य अग्निको स्थापना गर्न उत्तम कुलमा उत्पन्न रूप र लावण्ययुक्त सद्गुणवती सुशील तथा धर्मपरायण कन्यालाई विधिविधान सहित वरण गर्ने कार्य नै विवाह हो। विवाहका आठ प्रकारहरू बताइएको छ-

१) पैशाच विवाह- छलकपट गरी, अनैतिक सम्बन्ध राखी जवरजस्ती कन्या अपहरण गरेर गरिने विवाह।

२) राक्षस विवाह- बलपूर्वक हरण गरेर गरिने विवाह जहाँ अभिभावकमाथि समेत बल प्रयोग गरिन्छ।

३) गान्धर्व विवाह- लामो समयको प्रेमपछि स्वेच्छाले गरिने विवाह।

४) आसुरी विवाह- कन्यापक्षलाई धनसम्पत्ति दिएर गरिने विवाह।

५) प्रजापात्य विवाह- कन्यालाई दानका रूपमा प्राप्त गरी धर्मपूर्वक गरिने विवाह।

६) आर्ष विवाह- वर पक्षबाट कन्याका घरमा एक वा दुई जोडी गई विधिपूर्वक गरिने विवाह हो। यो ऋषिकूलमा बढी प्रचलनमा थियो।

७) दैव विवाह- वैदिक विद्वान्ले मन्त्रोच्चारण गर्दै यज्ञयागादि सकिएपछि अन्तिममा कन्यालाई सौभाग्यादिले अलङ्कृत गरेर कन्यादान गर्ने विवाह।

८) ब्राह्म विवाह- कन्याका पिताले उपयुक्त वर छनौट गरेर अग्नि संस्कार तथा हवन विधिसहित कन्या वरको हातमा दिने विवाह।

यी आठ विवाह अन्तर्गत पनि उत्तम र अधम विवाहको वर्णन गरिएको छ। उत्तम विवाह एउटा महत्त्वपूर्ण संस्कार हो। यसको अर्थ पवित्र विधिद्वारा स्त्रीत्व र पुरुषत्व सम्मेलन गराउनु हो।

पशुपंक्षी कीटपतंग आदि गरी चौरासी लाख योनीहरूको भोग गरेपछि मात्र मानव चोला पाइन्छ। परमात्माले मानवलाई मात्र बुद्धि प्रदान गरेका छन्। त्यो बुद्धि प्राप्त गरेर पनि अनेकौं योनिमा भ्रमण गरेको हुनाले संस्कारमा आएका भावना प्रबल हुन्छन्। प्रत्येक पुरूष तथा नारीलाई एकअर्कामा समाहित गराई बिस्तारै निवृत्तिमार्गमा अग्रसर गराउनु विवाहको दोश्रो उद्देश्य हो।

सन्तान पाउने भनेको सन्तानको रूपमा आफू बाँच्नु हो। यसै प्रकृतिको कारण वंश परम्परा अनन्त कालमा अग्रसर हुँदै जान्छ। यसैको सिलसिलामा अध्ययन गर्दैजाँदा

वैदिककालका मन्त्रद्रष्टा ऋषिहरूद्वारा संस्थापित संस्कृति एवम् प्रसारित मानव जीवन पद्धति नै वैदिक संस्कृति हो। यसको मूल आधार नै वेद हो। संस्कार वास्तवमा संस्कृतिको आत्मा हो। मानिसको जीवनको शोधन र परिशोधन यसै संस्कारबाट सम्भव हुन्छ।

नेपाली जनजीवनमा विशेषतः हिन्दुहरूमा व्रत, पर्व र उत्सवहरूको आ-आफ्नो आध्यात्मिक, धार्मिक र मौलिक महत्त्व रहिआएको छ। यसैको सन्दर्भमा हिन्दु धर्मावलम्बीहरूको लागि विवाहपञ्चमी एक महत्त्वपूर्ण पर्व एवम् उत्सवको रूपमा रहेको छ।

सर्वव्यापी, सर्वज्ञ, देहरहित 'राम' आफ्ना भक्तहरूको इच्छित कार्यलाई सिद्ध गर्न तथा मार्यादाको रक्षा एवम् जनजनलाई मार्ग प्रदर्शन गर्नका लागि अवतरित हुनुभएको पाइन्छ। श्रीमद्भगवत गीता अनुसार अवतारको जन्मकर्म दिव्य हुन्छ। राजा दशरथ र रानी कौशल्याको कोखबाट जन्मेका राम पनि स्वयंभू हुनुहुन्छ जो ज्योति स्वरूप हुन्छ; आफ्नो प्रकाशबाट सदा प्रकाशित भइरहने।

भगवान् रामको दुई रूप छ– एक निर्गुण र दोश्रो सगुण। सगुण लीलाको फलस्वरूप राम र उहाँको भाइ लक्ष्मणलाई गुरू विश्वामित्र सहित राजा जनकले आफ्नीपुत्री सीताको वरको लागि आह्वान गरेको मण्डपतर्फ लैजानु भयो। बाटामा शिला रहेकी अहिल्याको उद्धार गरेर राम जनकपुर प्रस्थान गर्नु भयो। जनकपुरमा उहाँहरूको स्वागत भयो। भोलिपल्ट देवी सीता आफ्ना साथीहरूसँग वगैंचामा जाँदा त्यहाँ रामको दर्शन पाउँदा उहाँले त्यही नै रामलाई वरको रूपमा प्राप्त गर्ने इच्छाले आफ्नो आदर्श पार्वती जसको उहाँ भक्त हुनुहुन्थ्यो, उहाँसँग सफलताको कामना गर्नुभयो।

राजा जनकको आज्ञाबाट विशाल स्वयंवर मण्डपको निर्माण भयो। देशविदेशका राजाहरू, हजारौं वीर पुरूषहरूको उपस्थिति थियो। राजा जनकले सीताविवाह सम्बन्धमा राखेको शिवधनु तोड्नु पर्ने शर्तमा जसले जित्छ उसलाई आफ्नी पुत्री सीताको वरण गरिदिने घोषणा गर्ने आदेश दिनुभयो। त्यो धनुष भगवान् शंकरको धनुष थियो। जुन परशुरामलाई दिनुभएको थियो। त्यस धनुषबाट परशुरामले एक्काईस पटक पृथ्वीलाई क्षत्रीरहित गरी राजा जनकको प्रतिज्ञामा दरवारमा राखेर जानुभएको थियो। तब राजा जनकले 'जुन वीरले धनुषको प्रपंचा उठाएर धनुषलाई टुक्रा पार्दछ उसलाई राजकुमारी सीता अर्पण गर्ने' प्रतिज्ञा गर्नुभएको थियो। त्यस प्रतिष्पर्धामा रावणको साथै धेरै वीर पुरूषहरूको हार भएको थियो। प्रतिष्पर्धामा श्रीरामले महादेवको पिनाक धनुषलाई दुई टुक्रा पारेर सीतालाई प्राप्त गर्ने वातावरण बन्यो। यसबाट यो सिद्ध हुनआयो कि, सीतामाता प्रकृति स्वरूपले रहनुभएकोले उहाँको भावपूर्ण हुनगयो।

रामायणमा लेखिएको छ– वारात जनकपुरमा आउँदा धनतेरसको दिन थियो । मङ्सिर महिनामा पञ्चमीको दिन थियो र रामसीताको वारातको विदाइ भने रंगपञ्चमी वसन्तोस्व भएपछि भएको थियो ।

नारदले लग्नको मुहूर्त निकाल्नु भयो– मङ्सिर शुक्लपक्ष पञ्चमी तिथि आइतबार । राजा जनकले आयोजना गर्नुभएको विवाह उत्सवमा आफ्ना मन्त्रीहरू, कैकेयीपुत्र भरत र शत्रुघनको साथ राजा दशरथ मिथिलामा प्रवेश गर्नुभयो । राजा जनकले गुरू विश्वामित्र र राजा दशरथलाई चारै कन्याहरूबारे सविस्तार बताउँदै भन्नुभयो, अयोनिज (योनिबाट उत्पन्न भएको होइन) जो पृथ्वीबाट प्राप्त सीता श्रीरामलाई दिने तथा शरीरबाट उत्पन्न उर्मिला लक्ष्मणलाई दिने, आफ्नो भाइ कुशध्वजकी पुत्री श्रुतकीर्ति तथा माण्डवी नामकी दुई सुन्दरी कन्याहरू शत्रुघन र भरतलाई अर्पण गर्ने उद्घोष गर्दै ससुरा दशरथलाई चारै बुहारीहरूलाई स्वीकार गर्नुहोस् भनी विन्ति गर्नुभयो । राजा दशरथले तथास्तु भनी स्वीकार गर्नुभयो ।

वैदिक सिद्धान्त या मत अनुसार पुरूष बिनाको स्त्री, स्त्रीबिनाको पुरुषबाट एक्लै सृष्टि सम्भव हुँदैन । वैदिक परम्परामा भने सबै सृष्टि र यसका अवयवहरू प्रकृति र पुरूषको समागमबाट उत्पन्न भएको मानिन्छ । अतः प्रकृति र पुरूष एक अर्काबाट अभिन्न भएको मानिन्छ । यो दृश्यमय सृष्टिको आधारभूत तहमा कार्यरत रहेको मानिने प्रकृति र पुरूष मध्ये प्रकृतिलाई स्त्रीलिङ्गी र पुरूष पुलिङ्गीको रूपमा चित्रण गरिन्छ । पुरूषलाई महत्त्व दिएको बेलामा पनि प्रकृतिलाई त्यसभन्दा भिन्न देखाइएको हुँदैन । त्यसैले पुरूषलाई चित्रण गरेको बेलामा प्रकृतिलाई र प्रकृतिको चित्रण गर्दा पुरूषलाई साथै रहेको देखाउने गरिन्छ । यसको मतलब पुरूष विनाको प्रकृति र प्रकृति विनाको पुरूष असम्भव हुन्छ भन्नु हो ।

फेरि देवता र देवीलाई रूप-प्रतिरूप बनाएर प्रस्तुत गर्दा पनि एउटाका गुणलाई अर्काले परिपुरण गरेको देखिन्छ । जस्तै महाशक्ति सीता र सर्वशक्तिमान श्रीराम एउटै ब्रह्मको दुईरूप हो तापनि राम चैतन्य पुरूष हो भने सीता ऊर्जा वा स्थूलकी जननी हो । यो दृश्यमयजगत हुनुका पछाडि कुनै अदृष्य चेतना, नियम वा प्रणालीहरूको भूमिका निभाउन दृश्यको रूपमा विवाह एक महत्त्वपूर्ण संस्कार हो । जुन जीवन यात्रामा जीवन साथीको माध्यमबाट जीवनको प्रत्येक उतार चढावमा एक ज्यान एक मुटु भएर पूरा गर्ने संकल्पको आधार हो, यही आधारबाट सृष्टिलाई जीवन्त राख्न भगवान् राम र देवी सीताले लीला गर्ने उद्देश्यले दुवै पति पत्नीको रूपमा पृथक भएर गरिने अभिनय अपनाएर वंश परम्परा कायम रहोस् भन्ने हेतु हो ।

मानिस जन्मेपछि तीन किसिमका ऋणबाट युक्त हुन्छन्– देवऋण, ऋषिऋण र पितृऋण । देवऋणलाई यज्ञ, पूजा, साधना, आरती, भजन, कीर्तनबाट तिर्न सकिन्छ भने ऋषिऋण गुरूबाट सद्ज्ञान प्राप्ति भए वापत सेवा गरेर पूरा गर्न सकिन्छ । तर पितृऋण भने आमा बुबाको कृपाबाट पाएको यो नरचोला आआफ्नो वंश परम्पा कायम राखेर मात्र पूरा गर्न सकिन्छ । ❖ –बत्तीसपुतली, काठमाडौं

सन्दर्भ सामाग्री
१. तत्त्वार्थ रामायण
२. आनन्द रामायण
३. नेपालका चाडपर्व– हरिराम जाशी पेज १८८
४. नेपालका चाडपर्व हरिम जोशी पेज १८९ ।

श्रीरामकृष्णवचनसुधा
नेपालीमा !
श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–
श्रीरामकृष्ण आश्रम, नेपाल
ज्ञानेश्वर काठमाडौं,
मोवायल: ९८०३४७३०३७

हरिवोधनी एकादशीको महिमा

पं. बालमुकुन्द देवकोटा

कार्तिक शुक्लपक्षको एकादशीलाई हरिबोधनी एकादशी भनी चिनिन्छ । यो एकादशीमा तुलसीको विवाह र भिष्मपञ्चकारम्भ हुन्छ । हरिबोधनी एकादशीको व्रत महिमा, पूजा विधि र यसबाट प्राप्त हुने फलको बारेमा जान्न आवश्यक छ ।

तावद्गर्जन्ति तिर्थानी ह्यासमद्रं सरांसि च ।

यावत् प्रबोधिनी विष्णोस्तिथिर्नाककयाति कार्त्तिकी ॥

अर्थात् समुद्रसम्मका सारा तीर्थहरू र पुण्यदायी तलाउहरू तबसम्म गर्जन्छन्, जबसम्म कार्तिकमा बिष्णु जागाहुने उहाँको तिथि हरिबोधनी एकादशी आउँदैन । व्रत भनेको "व्रीयते, स्विकृयते जनैः यत् तत् व्रतम्" अर्थात् जसलाई भित्री हृदयदेखि नै लिइन्छ वा स्वीकार गरिन्छ त्यो नै व्रत हो । त्यसैले यस्तो व्रतको दिन भरसक खानुहुँदैन । "न भोक्तव्यं न भोक्तव्यं हरेर्दिने–हरेर्दिने" अर्थात् हरिको दिनमा नखाउ नखाउ भनेको छ । सकिन्छ नखाने, सकिँदैन एक छाक खाएर व्रत बस्ने गर्नुपर्दछ । एकादशी व्रत लिनाले हुने फाइदाका बारेमा पद्मपुराणमा उल्लेख गरिएको छ–

१. स्वर्गमोक्षप्रदा ह्येषा शरीरारोग्यदायिनी ।

कलत्रसुतदा ह्येषा धनमित्रप्रदायिनी ॥

न गङ्गा न गया राजन् न च काशी च पुष्करम् ।

न चापि कौरवं क्षेत्रं पुण्यं भूपहरेर्दिनात् ॥

अर्थात् एकादशी स्वर्ग, मोक्ष, आरोग्य, सुभार्या एवं सुपुत्र प्रदान गर्ने उत्तम व्रत हो । हे राजन् ! गङ्गा, गया, काशी, पुष्कर र कुरूक्षेत्र यी पुण्यक्षेत्रमध्ये कुनै एउटा क्षेत्रको तुलना हरिदिवस अर्थात् एकादशीका साथमा हुन सक्दैन । यस श्लोकमा उल्लेख गरिएका गङ्गा नदी र अन्य तीर्थक्षेत्र हरेक दिनको प्रातःकालमा स्मरण गर्ने गरिन्छ । अर्थात् यी नदी र तीर्थको नाम लिनासाथ तीर्थस्नानको फल प्राप्ति हुन्छ । यस्ता पवित्रतम स्थानहरू मध्ये एउटा स्थानको तुलना पनि एकादशीसँग नहुने बताइएको छ । अतः एकादशीको दिन कतिसम्म पवित्र रहेछ हामी अनुमान गर्न सक्दछौं । यसबाट सहजै अनुमान गर्न सकिन्छ, एकादशीको व्रत लिनाले मात्र लौकिक तथा पारमार्थिक दुबै किसिमका शुभ फलहरू सजिलै प्राप्त हुन्छन् । एकादशीको व्रत सनातन धर्मको आफ्नै विशिष्टता हो । हामीले पनि यसका पौराणिक तथा त्यसका वैज्ञानिक, व्यावहारिक र स्वास्थ्यसम्बद्ध पक्षउपर पनि विचार पुर्‍याउनु पर्छ । २. कूर्मपुराणको मत–

व्रतोपवासैर्नियमैः होमैः, ब्राह्मणतर्पणैः

तेषां वै रूद्रसायुज्यं, जायते तत्प्रसादतः ।

अर्थात व्रतोपवासले शिवसायुज्यको प्राप्ति हुन्छ ।

३. श्रीमद्भगद्गीतामा निष्काम कर्मका प्रवक्ता जगद्गुरू भगवान् श्रीकृष्णको आदेश छ–

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत् ।

अर्थात यज्ञ, दान र तप रूप कर्मको कहिल्यै पनि परित्याग गर्नुहुन्न ।

शास्त्रमा तप अन्तर्गत व्रतको विधान बताइएको छ र व्रतमध्ये श्रेष्ठतम व्रत एकादशीलाई मानिएको छ । एकादशी व्रतको प्रारम्भ र भगवती एकादशीको सम्बन्धमा पद्म पुराणमा उल्लेख गरिएको छ । जसमा भनिएको छ, एकपटक पुण्यश्लोक धर्मराज युधिष्ठिरलाई लीला पुरूषोत्तम भगवान् श्रीकृष्णले समस्त दुःख, त्रिविध ताप आदिबाट मुक्ति दिलाउन, हजारौ यज्ञको अनुष्ठानको तुलना गर्न सक्ने, चारै पुरूषार्थलाई सहजै प्रदान गर्ने एकादशी व्रत लिनका निम्ति निर्देशन दिनुभएको थियो । कात्तिक

शुक्लपक्षको प्रबोधिनी एकादशी व्रत बस्नाले पापको नाश, पुण्यवृद्धि र मोक्ष प्राप्ति हुने तथा सो दिन उपवास बस्नाले हजार अश्वमेध तथा सय राजसूय यज्ञको फल प्राप्त हुने जनविश्वास रहेको छ। यसलाई ठूली एकादशीको रूपमा पनि मान्ने गरिन्छ। ठूली एकादशीमा घरआँगनमा रोपिएका तुलसीको विधिपूर्वक विवाह गरिन्छ। तुलसीको मठलाई गोबर, माटोले लिपपोत गरी सेता, राता, पहेला वस्त्र तथा फूलमालाले सिँगार्नुका साथै विष्णुको प्रतीक लिङ्गो गाडी पूजा गरिन्छ। यो एकादशीका दिन विशेष गरेर तुलसीको विवाह सम्पन्न गरी व्रतालुले फलाहारका रूपमा पिँडालु र सक्खरखण्ड प्रयोग गर्ने नेपाली चलन छ।

एक पटक भगवान् नारायणसित लक्ष्मीले भनिन्- 'हे नाथ ! अब हजुर दिन-रात जागा रहनु हुन्छ र सुत्नुभयो भने पनि लाखौँ-करोडौँ वर्षसम्म सुत्नुहुन्छ तथा त्यस समय समस्त चराचरको नाश पनि गर्नुहुन्छ। अतः हजुर नियमले प्रतिवर्ष आराम गरी निद्रा लिने गर्नुहवस्। यसबाट मैले पनि केही समय विश्राम गर्ने समय प्राप्त गर्नेछु।' लक्ष्मीका कुरा सुनेर नारायण मुस्काउनु भयो र भन्नुभयो- 'देवी ! तिमीले ठीक भन्यौ। म जागा रहेपछि सबै देवता र खासगरी तिमीलाई कष्ट हुन्छ। तिमीलाई मेरो सेवाबाट थोरै पनि अवकाश प्राप्त हुदैँन। त्यसैले, तिम्रो कथनानुसार आजदेखि म प्रतिवर्ष चार महिना वर्षा ऋतुमा शयन गर्नेछु। त्यस समय तिमीलाई र समस्त देवगणलाई अवकाश प्राप्त हुनेछ। मेरो यो निद्रा अल्पनिद्रा र प्रलयकालीन महानिद्रा नामबाट प्रख्यात हुनेछ। यो मेरो अल्पनिद्रा मेरा भक्तका निम्ति परम मंगलकारी उत्सवप्रद तथा पुण्यवर्धक बन्नेछ। यस कालमा मेरा जति पनि भक्तले मेरो शयनका भावना अनुभव गरी मेरो सेवा गर्नेछन् तथा शयन र उत्पादनको उत्सव आनन्दपूर्वक आयोजित गर्नेछन् तिनको घरमा तिमीसमेत भई म निवास गर्नेछु।'

शयनमा रहनुभएका भगवान् विष्णुलाई चार महिनाको योगनिद्राबाट जगाउनका लागि घण्ट, शङ्ख, मृदंग आदि वाद्यका मांगलिक ध्वनिका बीच निम्न श्लोक पढेर जगाइन्छ-

उत्तिष्ठोत्तिष्ठगोविन्द त्यज निद्रां जगत्पते।
त्वयि सुप्ते जगन्नाथ जगत् सुप्तमिदं भवेत्॥
उत्तिष्ठोत्तिष्ठ वाराह दंष्ट्रोद्धृत-वसुन्धरे।
हिरण्याक्षप्राणघातिन्त्रैलोक्येमङ्गलम्कुरु॥

श्रीहरिलाई जगाए पछि उनको षोडशोपचारविधिले पूजा गर्नुपर्छ। अनेक प्रकारका फलका साथै नैवेद्य (भोग) निवेदित गर्नुपर्छ। संभव भए उपवास गर्नुपर्छ अन्यथा केवल एक समय फलाहार ग्रहण गर्नुपर्छ। यस एकादशीमा रातभरि जागेर हरि नाम-संकीर्तन गर्नाले भगवान् विष्णु अत्यन्त प्रसन्न हुने गर्नुहुन्छ। विवाहादि समस्त मांगलिक कार्यको शुभारम्भमा भगवान् विष्णुलाई साक्षी राखेर संकल्प गर्ने चलन छ। अतएव चतुर्मासमा प्रभावित रहने माङ्गलिक कार्यको प्रतिबन्ध हरिप्रवोधिनी (देवोत्थान) एकादशीका दिन समाप्त हुन्छ। त्यसैले यो दिनबाट विवाहादि शुभ कार्य पुनः प्रारम्भ हुन्छन्।

पद्मपुराणको उत्तरखण्डमा वर्णित एकादशी-माहात्म्यका अनुसार श्रीहरि-प्रबोधिनी (देवोत्थान) एकादशीको व्रत लिनाले एक हजार अश्वमेध यज्ञ तथा सय राजसूय यज्ञको फल प्राप्त हुन्छ। यस परम पुण्यप्रदा एकादशीको विधिवत लिएको व्रतले सबै पाप भस्म हुन्छ तथा व्रत लिने व्यक्ति मरणोपरान्त वैकुण्ठ पुग्छ। यस एकादशीका दिन भक्तले श्रद्धाका साथ जेजस्तो जप-तप, स्नान-दान, होमादि गर्छन्, ती सबै अक्षय फलदायक हुन पुग्छन्। देवोत्थान एकादशीका दिन व्रतोत्सव गर्नु प्रत्येक सनातनधर्मीको आध्यात्मिक कर्तव्य हो।

यस एकादशीका दिन तुलसी विवाहोत्सव पनि मनाउने चलन छ। यसै सन्दर्भमा उल्लेख कथा अनुसार, जालन्धर नामक असुरकी पत्नी वृन्दा पतिव्रता स्त्री थिई, उसलाई आशीर्वाद प्राप्त थियो कि जबसम्म उसको पतिव्रता व्रत भंग हुँदैन, तबसम्म उसको पति जीवित रहने छ। जालन्धर पत्नीको पतिव्रतको प्रभावले विष्णुसित धेरै वर्षसम्म युद्धरत रह्यो तर पराजित भएन, अनि भगवान् विष्णुले जालन्धरको वेश धारण गरी वृन्दाका कक्षमा प्रवेश गरे तर उनलाई वृन्दाले चिन्न सकिनन् र उनको पतिव्रत भंग भयो।

वृन्दाको पतिव्रत भंग भएपछि जालन्धर मारियो। विष्णुले वृन्दासित छद्मवेशद्वारा छल गरेको जब सत्य कुरो चाल पाइन्, तिनले विष्णुलाई श्राप दिइन्। वृन्दाको

श्रापबाट विष्णु पत्थर भए र उनी शालिग्रामका रूपमा परिवर्तित भए । विष्णुले आफूले गरेको गल्तीलाई स्वीकार गरे र त्यसै बेला त्यहाँ प्रकट भएर वृन्दासित भने तिम्रो शरीर गण्डकी नदीका रूपमा रहने छ तथा केश तुलसीका रूपमा पूजित हुनेछ । तिमी सदैव मेरा शिरमा शोभायमान रहने छौ एवम् लक्ष्मीसरह मेरा निम्ति प्रिय रहने छौ, तिमीलाई हरिप्रिया नामले पनि चिनिने छ । त्यस दिनदेखि के मान्यता छ भने कार्तिक शुक्ल एकादशीका दिन भगवान् शालिग्राम र तुलसीको विवाह गराउनाले कन्यादानको फल प्राप्त हुन्छ र व्यक्तिलाई विष्णु भगवान्सरह प्रसन्नता प्राप्त हुन्छ ।

हरिबोधिनी एकादशी, वर्षमा पर्ने चौबीसवटा एकादशीमध्ये सबैभन्दा महत्त्वपूर्ण एकादशी हो । हिन्दु धर्ममा एकादशीलाई भगवान् विष्णुको उपासना गर्ने पर्वको

रूपमा लिइन्छ । आषाढ शुक्ल एकादशीको दिन क्षीर सागरमा सुत्नुभएका भगवान् विष्णु यो दिन दिन उठ्नुहुने पुराणहरूमा उल्लेख गरिएको छ । यसैकारण पनि यस दिनलाई हरिबोधिनी एकादशी भनिएको हो भन्ने विश्वास गरिन्छ । भविष्योत्तर पुराणमा अन्य एकादशीमा भन्दा यस दिन गरिने भगवान् विष्णुको उपासना बढी फलदायी हुने कुराको उल्लेख गरिएको छ । यस दिन गरिने स्नान, दान, तप आदि सबै कार्य अक्षय फलदायी हुने कुरा भगवान् कृष्णले युधिष्ठिरलाई बताउनुभएको छ ।

विष्णु क्षीरसागरका सुतेका कारण यसबेला कुनै माङ्गलिक कार्य गर्नुहुँदैन भन्ने मान्यता अनुसार चतुर्मासभरि विवाह, व्रतबन्ध, गृहप्रवेश आदि कार्य गरिँदैन अर्थात् यी कार्य गर्न ज्योतिषीय मान्यता अनुसार मुहूर्त निस्कँदैन । चतुर्मासको अन्त्यपछि भने माङ्गलिक कार्यहरूका लागि मुहूर्त निकालिन्छ । कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्मको अवधिलाई भीष्मपञ्चक पनि भनिन्छ । भीष्मपञ्चकभरि भगवान् विष्णुको आराधना गर्नाले इच्छित फल पाइने विश्वासका साथ उपत्यकाका चार नारायण (चाँगु, विशङ्खु, इचङ्कु र शेष) लगायत बुढानीलकण्ठमा समेत भक्तजनको मेला लाग्दछ ।

चार महिनाअघि अर्थात् आषाढशुक्ल एकादशीको दिन (चतुर्मासको आरम्भमा) आआफ्नो घरमा रोपिएको तुलसीलाई यस दिन विशेष पूजा गरी पीपलसँग विवाह गरिदिने परम्परा रहिआएको छ । भोलिपल्ट द्वादशीको दिन तुलसीको विशेष पूजनसँगै नवान्न (नयाँ अन्न)को हवन गरी चतुर्मासभरि विष्णु वा विष्णुप्रियाको रूपमा पूजा गरिएको तुलसीको विसर्जन गरिन्छ ।

हरिबोधनी अर्थात एकादशी पर्वमा हिन्दु धर्मावलम्बीहरूले ब्रतबसी भगवान् नारायणको पूजाअर्चना गरी मनाउँछन् । यस अवधिभर नेपालको प्रसिद्ध तीर्थस्थल वराहक्षेत्रमा मेला लाग्दछ । बुढानीलकण्ठ लगायत उपत्यकाका चार दिशामा रहेका चार नारायणका मन्दिरमा ठूलो मेला लाग्छ । हरिबोधनीमा उपवास बसी सक्नेले करिब १८ कोसको दुरीमा रहेको चार नारायण र नसक्नेले कम्तीमा एक नारायणको दर्शन र पूजाअर्चना गरेमा सम्पूर्ण पाप नाश भई अन्त्यमा मोक्ष मिल्ने धार्मिक विश्वास छ ।

हरिबोधनीका दिन विशेषगरी सक्खरखण्ड, पिँडालु आदि कन्दमुल र फलफूल भगवान नारायणलाई चढाई ब्रतालुहरू प्रसादका रूपमा फलाहार गर्ने गर्छन् । वर्षमा पर्ने

२४ वटा एकादशीमध्ये चतुर्मास ब्रत प्रारम्भ हुने हरिशयनी एकादशी र ब्रत समाप्त हुने हरिबोधनी एकादशीलाई ठूलो एकादशी भन्ने गरिन्छ । हरिशयनी एकादशी (असार शुक्ल एकादशी) का दिन आ–आफ्ना घरमा रोपिएका तुलसीलाई पूजाआजा गरी मठ सिङ्गारेर विधिपूर्वक विवाह गराउने गरिन्छ भने गाउँ घरमा श्रद्धालु भक्तहरू ब्राह्मणद्वारा द्वादशीदेखि पञ्चमीसम्म होम यज्ञ गराई एकादशी ब्रतको उद्यापन गर्ने गर्छन् । हिन्दुहरू तुलसी, पिपल, दुबो र शालिग्रामलाई भगवान् विष्णुको प्रतीकका रूपमा मान्छन् ।

तुलसी एक बहुउपयोगी वनस्पति हो, यसले आयुर्वेद विज्ञानमा पनि विशिष्ट स्थान ओगटेको छ । चिकित्सकहरूकाअनुसार तुलसीमा ८९ रोग निको गर्ने क्षमता छ । यसमा पात, हाँगा, फूल, जरा, बीउ सबै उत्तिकै महत्त्वका छन् । यसले भोक जगाउने, रूचि जगाउने तथा पाचनक्रिया बढाउनुका साथै झाडा–वान्ता पनि रोक्ने कार्य गर्दछ । मानिस मृत्यु शय्यामा हुँदा प्राण त्याग्नुअघि तुलसीको बोटसँगै राख्नाले तथा तुलसीपत्र खुवाउनाले मरेपछि मोक्ष पाइन्छ भनी शास्त्रमा वर्णन गरिएको छ । तुलसी रोपेको चारसय मिटर वरपरको वातावरणलाई तुलसीको सुगन्धले शुद्ध पार्छ ।

एक भुक्तेन जन्मोत्थं नक्तेन द्विजनुर्भवम् ।
सप्तजन्मभवं पापमुपवासेन नश्यति ॥

अर्थात् एकछाक मात्र खानाले एक जन्मको, राति मात्र खानाले दुई जन्मको, पूरा अहोरात्र (दिन–रात) उपवास गर्नाले सात जन्मदेखि जम्मा भएको पाप नाश भएर जान्छ । त्यसैले मनुष्यहरूले यो व्रत बस्नाले अनेक किसिमको पाप आगोले रूवा (कपास) डढाए झैं डढाउने गर्दछ ।

कार्तिक महिनामा मधुसूदन नारायण भगवान्को षोडसोपचारले पूजा गर्नु पर्दछ । "नार"भनेको पानी "अयन" निवासस्थान, जसले पानीमा घर बनाएर बस्दछ त्यसलाई नारायण भन्दछन् । पूजाका लागि सर्वप्रथम ब्रह्ममुहुर्त (बिहान ४ बजेको समय)मा उठेर स्नान, तिलक धारण, नित्य पूजा गरिसकेर भगवान्को बिग्रह, फोटो र प्रतिमा अगाडि बसेर दियो बाली भगवान्को प्रतिमामा तिल, तुलशी अर्पण गरी पुरूषसूक्त 'सहस्त्र शीर्षा पुरुषः.....' द्वारा बिशेष पूजन गरी केशवादी २४ नामले अर्चना गरी कपुर आरती गर्ने र राति जाग्राम बसेर भजन किर्तन गरी भोलिपल्ट हवनादी, गोदान, पूर्णपात्रो र ब्राह्मण भोजन गराएर व्रतको बिसर्जन गर्ने । एकादशीको व्रत र पूजाले धर्म, अर्थ, काम, मोक्ष, चार साधन अर्थात् यस जन्ममा सुःख – शान्ति, ऐश्वर्य र परलोकमा मोक्ष प्राप्त हुने धार्मिक मान्यता रहेको पाइन्छ । ❖

मुलपानी, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं ।

पृथ्वी सबैको साझा घर हो । यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं । हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं । जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं । आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं । सेवा नै सबैभन्दा ठूलो धर्म हो । जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

स्वस्तिक चिह्न

–हरिप्रसाद तिमल्सिना

प्राचीन कालदेखि प्रयोग हुँदैआएको स्वस्तिक चिह्नलाई मंगल कार्य/शुभ कार्यको प्रतीकको रूपमा लिइन्छ । आदिकालमा जव शब्द र अक्षरको समेत विकास भएको थिएन, तव मानिसहरू आफ्ना भावना, विचार, चिह्न, आकृति चित्रद्वारा, व्यक्त गर्दथे । मांगलिक कार्य यज्ञ, होम, विबाह जन्मकुन्डलीदेखि यहाँसम्मकी निर्वाचनमा मताधिकार प्रयोग गर्दा समेत गरिने मतदान छापमा धेरैजसो मुलुकमा स्वस्तिक चिह्नको प्रयोग पाइन्छ । स्वस्तिक शब्द तीन वटा शब्द मिलेर बनेको छ, स्व+असं+क जसको अर्थ हुन्छ, राम्रो गर्नेवाला अर्थात सबैको भलाइ वा कल्याण गर्ने वाला । अमरकोषमा समेत यसको अर्थ 'सबै दिशामा सबैको कल्याण होस भन्ने' छ ।

यस चिह्नको उत्पति, स्वरूप र संरचनाका सम्बन्धमा सप्तर्षि, ध्रुवतारा र यसको मौसम अनुसारको उपस्थिति हुने आकारलाई आधार लिइएको देखिन्छ । राजकुमार ध्रुव साह्रै उच्चकोटीका धर्मात्मा तथा सत्यवादी थिए । सत्यप्रतिको उनको आस्था तथा विश्वासले गर्दा नै उनले नै ध्रव तारा बनरे चम्किलो भएर आकाशमा रहिरहेको छ । सप्तर्षी तारा र ध्रुवताराको मौसम अनुसारको अवस्थिति र दिशा अनुसारको परिवर्तित रूपबाट एक आनौठो आकार बन्दछ त्यसलाई नै स्वस्तिक चिह्नको आकृतिको रूपमा लिइएको छ । विभिन्न ऋतु अनुसार सप्तर्षी ताराको उपस्थितिले फरक फरक रूप धारण गरेको हुन्छ । वसन्त ऋतमा ध्रुवताराको ठीक माथि सप्तर्षी तारा, शरद ऋतुमा ध्रुवताराको ठीक दायाँपट्टि र गृष्म ऋतुमा ध्रुवताराको ठीक तलपट्टि र शीत ऋतुमा ध्रुवताराको बायाँपट्टि सप्तर्षी तारा रहन्छ । यसरि ऋतु अनुसार स्थिति र दिशाको प्रारूपबाट नै स्वस्तिक चिह्नको जन्म भएको देखिन्छ ।

स्वस्तिक चिह्नको चार भुजाले चार वेदहरूलाई जनाउँदछ । यी चार भुजाहरूको वेग्ला वेग्लै अर्थरहेको छ । कोहिले त साक्षात भगवान् ब्रह्मा, विष्णु, महेश र गणेश समाहित प्रतीकको रूपमा हेर्दछन् । त्यस्तै यसमा चार भुजा, चार विन्दु, चार अन्तःकरण र चार वाहुले निम्न अर्थ वताउँद छ–

चार भुजा– धर्म, मोक्ष, काम र अर्थ ।

चार बिन्दु– सायुज्य, समिप्य, सालोक्य, सारूप्य ।

चार अन्तःकरण– मन, बुद्धि, चित्त, अहंकार ।

चार बाहुः— श्रद्धा, भक्ति, प्रेम, सर्मपण ।

यी सबै तत्त्व यस स्वस्तिक चिह्नमा समाहित भएका कारण यो पवित्र पूजनीय, साक्षत भगवान्को वास भएको प्रतीक चिह्नको रूपमा आदिकालदेखि सम्मानित हुँदैआएको छ । ब्रह्माको चार शिर रहेको स्वरूपमा स्वस्तिकको चार भुजालाई तुलना गरिन्छ ।

मानव सभ्यताको विभिन्न काल खण्ड सिन्धुघाटीको सभ्यता, मोहनजादडोको सभ्यता, मेसोपोटामियाको सभ्यता उत्खननमा निस्केका सिक्का, भाँडा, गरगहना र

मुल ढोकामा समेत स्वस्तिक चिह्न प्रयोग भएको पाइन्छ । स्केडियनहरूको पूजनीय भगवान् थोडले हातमा लिएको हतौडामा समेत स्वस्तिक चिह्न प्रयोग भएको पाइन्छ । अष्ट्रेलिया र न्यूजिल्याण्डका आदिबासी मावरीले समेत स्वस्तिक चिह्नको प्रतीकको पूजागर्ने गरेको प्रमाण छ । तर यसको नाम चाहि धर्मपिच्छे फरकफरक छ । नेपालमा हेरम्भा, मिश्रमा एक्टोन, बर्मामा महापियने आदि नामले चिनिन्छ । विभिन्न धर्मालम्वीहरूले स्वस्तिक चिह्नको प्रयोग गरेता पनि यसको आकृतिमा भने आफ्नो परम्परा अनुसार फरकफरकपन छ । यी सबै फरकपन मूल्य मान्यताका उपजहरू हुन ।

सारमा भने एउटै कुरा झल्कन्छ, त्यो हो- सर्वजन हिताय, सर्व कल्याण, सर्वसुखिन । त्यसैगरी शुभ संकेत र मांगलिक कार्यको प्रतीकको रूपमा यसको उपयोग हुन्छ ।

यसबाट यो झल्कन्छ कि सबै धर्मको सार एउटै हो र धर्मको मूल उद्देश्य पनि मानवजातिको कल्याण नै हो । जसलाई सबै धर्मले प्रतीक चिह्नको रूपमा प्रयोग गरी सच्चा चरित्र, इमानदारिता, परलोकप्रतिको आस्था, मानव जीवनको उच्चतम भलाइ सोचिएको छ । यस महान चिह्नलाई मानवजातिको शुरूआती अवस्थामा शब्द, भाषा, बाक्यांशको उद्भव भैनसकेकाले धार्मिक विद्वान् महापुरूषहरूले यसलाई पूजनीय स्थानमा राखी यसलाई प्रतीकको रूपमा व्यक्त गरेका छन् ।❖ –महोत्तरी

वडाबासीहरुमा जरुरी सूचना

❖ बहाल कर, सम्पत्ति कर, व्यवसाय कर यही पौष मसान्तसम्ममा भुक्तानि गरेमा १० प्रतिशत छुट भएको हुँदा यथाशीघ्र भुक्तानी गरी लाभ लिनुहुन सम्पूर्ण वडावासीहरूलाई अनुरोध गर्दछौं ।

❖ काठमाडौं महानगरपालिकाले श्रम बैंक कार्यक्रम शुरू गरेको छ । उक्त कार्यक्रममा सहभागी हुन अनलाइन दर्ता वा वडा कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

❖ काठमाडौं महानगरपालिकाले साथी महानगर कार्यक्रम शुरू गरेको छ । जसमा सहाराविहीन विभिन्न नगरवासीलाई विभिन्न सहयोग गरिन्छ । सम्वन्धित महानुभावले सम्पर्क गर्नुहुन अनुरोध छ ।

का.म.पा. वडा नं. २४ कार्यालय

मखन, काठमाडौं

श्रीपशुपतिनाथ अमालकोट कचहरी कार्यालय

-शङ्करमान भण्डारी

पशुपति देवपत्तन शहरभित्र (ग्वःल) का मठ मन्दिरको दैनिक नित्य पूजा लगायत यहाँको मूर्त अमूर्त ऐतिहासिक सम्पदाहरू चोक, डवली, मन्दिर, मन्दिर प्राङ्गणहरू, तीर्थस्थल, नदी किनारको घाट, श्लोषमान्तक, मृगस्थली, वनकाली पौराणिक जङ्गल, भण्डारखाल जङ्गल, मूल बाटो भित्र, छेउछाउमा रहेका रूख विरूवा वा सार्वजनिक चउर, ऐतिहासिक ढोका, बाटो, पोखरी, ढुङ्गेधारा र यहाँ स्थित आदिवासी मानव बस्ती उहाँहरूको संस्कृति रहनसहन, गुठी, पर्व, मेला, जात्रा जस्ता विविध विषयमा अमालकोट कचहरी कार्यालयबाट अभिभावकत्वको भूमिका निभाउने काम हुँदैआएको छ । यसका लागि त्यस कार्यालयमा रहेका दरवन्दी अनुसार पशुपतिनाथको धुनी बाल्न, दैनिक भोग पकाउन र गुह्येश्वरी मन्दिर लगायत अन्य मन्दिर मठहरूमा धुनी लगाउने, भण्डारी गुठी, भीमसेन गुठी, बत्स्लेश्वरी ध्वँगुठी जस्तै अन्य गुठीको पूजामा होम गर्न धुनी बाल्न आवश्यक दाउरा, मुढा, देवपत्तन वरिपरिको जङ्गलबाट रूख काट्न लगाई ती स्थानहरूमा पुऱ्याउन लगाउने गरिंदै आएको छ । भगवान् पशुपतिनाथ, गुह्येश्वरी, वत्सलेश्वरी, ब्रजेश्वरी, वनकाली, भुवनेश्वरी, कोटेश्वरी, राजराजेश्वरी, भ्काम्केश्वरी, मनमानेश्वरी, चावहिल चन्द्रविनायक, कुटुवहाल, चारूवहाल, धन्दोत्तर चैत्य, यहाँको अजिमा देवी, जयवागेश्वरी चोकको अशोक विनायक मन्दिरमा दैनिक पूजा चलाउन भक्तजनले राखेको जग्गा जमिनबाट बाली उठाइ आएका आम्दानीबाट पूजा सामानको व्यवस्था गरी पुजारी कर्मचार्य समेत खटाई नित्य पूजा सञ्चालन गराउने, यहाँ देववदेवीको पर्व पूजा, जात्रा सञ्चालन गराउने जिम्मा लिई जात्राको व्यवस्थापन गर्न लगाई कहीं जात्रामा मन्दिरको देउता उठाई जात्रा शुरू गरी जात्रा नसकुञ्जेल समावेश भई जात्रा सिध्याएर आउनु पर्दछ ।

जात्रामा बजाइने धिमेबाजा, भुस्या बाजा, कुस्ले पञ्चेबाजा, कसाई बाजा, दमाइ बाजा आदिको व्यवस्था गरी उनीहरूबाट जात्रामा बाजा बजाई परिक्रमा गरे बापत खर्च समेत जुटाई निकासा गराउनु पर्दछ ।

बत्स्लेश्वरी र चन्द्रविनायक देव देवी जात्रा गर्ने शुरू दिनमा बत्स्लेश्वरी मन्दिर प्राङ्गण र चन्द्रविनायक मन्दिर प्राङ्गण, पशुपति देवपत्तन वजार र चावहिल बजारमा पसल चलाउने साहु, व्यापारीहरूबाट पसल पिच्छे एउटा एउटा बत्तीको रूपमा चिराक बाल्न ल्याउनु भनी अमालकोट कचहरीबाट प्रत्येक वर्ष वर्षमा उर्दी पत्र दिनुपर्दछ । आदेश पालन भएको/नभएको जाँच्नका लागि अमालकोटबाट खटिआएका कर्मचारीले जात्रा शुरू हुनु केही घण्टा अगाडि स्थलगत रूपमा त्यस पत्र अनुसारको नाम रूजु गर्ने गर्दछन् । त्यसरी नाम रूजु गर्दा हाजिर नहुने व्यापारी, पसललाई जात्रा सकेपछि जरिवाना स्वरूप दुइ माता (१ कुरूवा) तेल कार्यालयमा बुझाउन लगाइन्छ । त्यस्तै आफ्नो क्षेत्र अन्तरगतका बगैजाको फूलबारीबाट फूलको गुच्छा, फूलमाला ल्याउने र ती मन्दिरहरूमा नित्य पूजा गर्न पुऱ्याउने व्यवस्था गर्नु पर्दछ । हाल पसल पिच्छेबाट जात्रामा चिराग बाल्ने र बगैचाबाट फूलमाला पुऱ्याउने परम्परा क्रमशः हटेर गएको देखिन्छ ।

बाला चतुर्दशीमा पितृको नाममा सतबीज छर्न जाने बाटो व्यवस्थापनका लागि अघिल्लो दिन बत्ती बाल्न आउँदा पशुपति क्षेत्र वरिपरि मेलामा अस्थाई पसल राख्न आउने पसले, व्यापारीहरूसँग चलन अनुसार दर तोकी पसल राखे वापत दस्तुर सलामी उठाई अफिसमा बार्षिक आम्दानी जनाउनु पर्दछ । त्यस्तै महाशिवरात्रि मेलामा पनि पसलहरूबाट दस्तुर कर उठाउने चलन छ । घाटमा अन्तिम अवस्थामा ल्याएका विरामीहरूको उपचारका लागि दुई जना घाटे बैद्यहरूको व्यवस्था गरिएको छ । त्यस्तै दश किरिया गर्न दागबत्ती दिन पहिलो आसौच बार्नेहरूको घाटमै कपाल खौरी नङ काट्ने व्यवस्था गराउन १ जना

नाऊ (नापित)को व्यवस्था गरिएको छ । ती नापितले यहाँको मठ मन्दिरका भट्ट पुजारी, कर्माचार्य, भण्डारीहरू र मन्दिरका अन्य ब्राह्मणको समेत समय समयमा कपाल खौरिने, नङ काट्ने गर्दछन् । वेवारिसे लाश उठाई घाटमा लाशको दाहसंस्कार गर्न ब्राह्मणको व्यवस्था गरी सहुलियत रूपमा शुल्क उठाउने, चिता सफा गर्ने, बेला बेलामा नदी सफाइ गर्ने कामका लागि पनि कर्मचारीहरूको व्यवस्था गरिएको छ । घाट छेउमा श्राद्ध गर्ने, दश किरिया बस्ने किरियापुत्रीहरूलाई समेत सहुलियतमा बस्ने व्यवस्था मिलाइएको छ । यी सबै कार्यका लागि पूर्वाधार तयार गरी सुविधाजनक वातावरण गराउने कार्य पनि अमालकोट कार्यालयबाट नै गरिन्छ ।

यहाँको चार किल्लाभित्रको सार्वजनिक जग्गा, अन्य जग्गा जमिनमा परापूर्वकालदेखि अर्को नयाँ व्यवस्था नबनुन्जेलसम्मको समयमा घर बनाई बस्ती बसालेर बसेका घरभन्दा बाहिरको वरिपरिको जग्गा जमिन भोग चलन गरी बसेका व्यक्ति समूह, गुठीका गुठियारहरूको नाममा मोहीको रूपमा ती जग्गाको मुअब्जा नखुल्ने भएको र त्यसरी नखुलेका मुअब्जा जमिनको वि.सं. १८७० सालको लालमोहर बमोजिम कार्यालयले तोकेको दस्तुर (सलामी) नगद जिन्सी लिई कार्यालयको आम्दानी जनाई त्यसको मोहियानी लालपुर्जा दिने गरिन्छ । त्यसरी लालपुर्जा दिन कार्यालयको प्रकृया अनुसार स्थानीय बस्तीले भोगचलन गरेको हो वा होइन छुट्याउन निवेदकको निवेदनको आधारमा पञ्चप्रधान, वैदार, खजाञ्ची गरी तीन जना कर्मचारीको व्यवसथा गरिएको छ । ती कर्मचारीले फिल्डमा खटिई उक्त जग्गाको चार किल्ला वरिपरिका स्थानीय व्यक्ति ४-५ जना उपस्थित गराई स्थलगत बुझ बुझारथ गरी सरजमिन मुचूल्का गर्छन् र त्यही मुचूल्काको आधारमा टिप्पणी उठाई कार्यालयको तालुकदार (भगवान् श्रीपशुपतिनाथका रावल मूल पुजारू भट्ट) कहाँ पेश गरिन्छ । त्यसपछि तालुकबाट टिप्पणी स्वीकृत भएर आएपछि मालपोत कार्यालयबाट आफ्नो कार्यालयको नाममा जग्गा धनी पुर्जा ल्याई जग्गा उपभोग गर्न निवेदकका नाममा मोहीको मोहीयानी लालपूर्जा कार्यालयबाट डमरू त्रिशूल छाप लगाइ दिइन्छ । त्यसको सलामी (दस्तुर) लिई वर्षको एक पटक बाली (कर) लिने गरिन्छ । ती जग्गाहरूको कित्ताकाट गर्नु पर्दा वा खरिदविक्री गर्नुपर्दा, नामसारी गर्नुपर्दा, दाखिला खारेज गर्नु पर्दा र कतै सरकारी, अर्धसरकारी बैंकहरूमा घरजग्गा धितो राखी ऋण लिनु पर्दछ । मालपोत कार्यालय, नापी कार्यालयसँग समन्वय राखी पत्राचारमार्फत यी कार्य गरिन्छ । देवपत्तन, नयाँ बानेश्वर, सिनामङ्गल, कोटेश्वर, गौचरण, गौशाला, बत्तीसपुतली, चावहिल, कपन, बौद्ध, जोरपाटी, गोठाटार, मुलपानीसम्मका केही जग्गा, घर, घडेरीमा यो प्रकाले कारोवार हुँदैआएको छ ।

देवपत्तन शहर भित्र र वरिपरिका क्षेत्रमा मनाइँदैआएको धर्मसंस्कृतिको निरन्तरताका लागि नौ वर्णको व्यवस्था गरिएको छ । तिनलाई कामअनुसार पारिश्रमिक तथा खर्च दिनुपर्ने हुन्छ । अमालकोट कचहरी कार्यालयलाई धार्मिक क्षेत्रमा सार्वजनिक सूचना जारी गर्ने, तिनको कार्यान्वयन गराउने र पालना नगर्ने व्यक्ति, समूहलाई दण्डसजायँ गराउन सक्ने समेत अधिकार रहेको छ । जस्तै श्रीपञ्चमीको दिनमा कसाई बजा बजाएर पशुपति क्षेत्रमा बस्नेले कलिलो बोट विरूवा नउखल्नु, रूखहरू, रूखका हाँगा बिङ्गा नकाट्नू, यदि काटेमा नियमानुसार मकै, अन्न तिराई जरिवाना गर्ने छ भनी सूचना सार्वजनिक गर्ने परम्परा छ । यसको लागि अमालकोट कार्यालयबाट कर्मचारी खटाइने गरिन्छ ।

यस कार्यालयका तालुकदारले वर्षमा एक पटक कार्यालयमा उपस्थित भई प्रशासनिक कार्यका साथै कार्यालयको बार्षिक आय व्ययको श्रेस्ता जाँच गर्दछन् । यो कार्यालयको हाकिमको रूपमा 'द्वारे' पद रहेको छ भने सहायक हाकिम (सचिव)को रूपमा विचारी, वैदार, पञ्चप्रधान, खजाञ्ची, वन डिट्ठा, घाट बैद्य (२ जना), भण्डारे (१ जना), नाऊँ (नापित) (१ जना), विपा (३ जना), मोही नाइके (माने नाइके), माने (चार जना), सालसुवार (१ जना), पालेहरू, बगैचेहरू, फूलमालीहरू, तुहा (लुगाधुने) लगायत कर्मचारी रहेका छन् । पाशुपत क्षेत्रमा बाहिरबाट कुनै देवी देवता ल्याउदा पहिला यस कार्यालयमा सम्पर्क गर्नुपर्दछ । यस कार्यालयबाट आवश्यक व्यवस्थापन र समन्वयपश्चात मात्र ती देवदेवी ल्याई आवश्यक अनय कार्य गरिन्छ । यस कार्यालयलाई न्याय, कानून र प्रशासनिक कार्य सञ्चालन गर्ने उच्च कोटीको कार्यालयको रूपमा मानिआएको देखिन्छ । ❖

–पशुपति, काठमाडौं

गौ संरक्षण अभियान एवम् महिमाँ

– लिखिराम थारू

नेपालको तराई क्षेत्रतिर विगत केही समययता बेवारिसे छाडा पशु चौपाया छोड्ने प्रचलन बन्दैआएको छ । संविधानतः स्थानीय सरकारले नै यस्ता छाडा पशु चौपायाको नियन्त्रण तथा व्यवस्थापन गर्नु पर्ने भनिएको छ । हाल देशका धेरै जसो स्थानमा स्थानीय संघसंस्था, धार्मिक क्षेत्र तथा स्थानीय किसान अगुवाहरूको सक्रियतामा अन्नबाली जोगाउने, धर्म संरक्षण गर्ने, आय आर्जन गर्ने वा बेरोजगारी अन्त्य हुने लगायतका विषयसँग जोड्दै स्थानीय गौवंशलाई जोगाउन खोजिएको छ । यस्ता समूहले कान्जी हाउस कै अवधारणमा गौवंशको संरक्षण गरिरहेका छन् ।

यसै क्रममा बर्दिया जिल्लामा पनि ठाउँठाउँमा गौ नन्दी सेवा केन्द्र सञ्चालित छन् । ती केन्द्रमा तीन हजार जति गौ नन्दी संरक्षित छन् । बर्दियाको बारबर्दिया न. पा.-९ कतर्निया भादा नदी तटमा ३ सय बढी गौ एवम् नन्दी संरक्षित रहेका छन् । यी गौ नन्दीलाई दैनिक न्यूनतम आहारको लागि १ ट्रली पराल (रू. ६ हजार), १५ ठुलो बोरामा गहुँको भुस (रू. ३ हजार), १ ट्रली हरियो घाँस (रू. ४ हजार), १ बोरा राइस ब्राण (रू. २ हजार), मकैको पिठो १ बोरा (रू. २ हजार), १ बोरा पिना (रू. १ हजार ७ सय पचास), १ बोरा दालको चोकर (रू. १ हजार), आधा बोरा नुन (रू. ३ सय पचहत्तर) गरी जम्मा गरी २० हजार १ सय पच्चीस रुपैयाँ बराबरको दैनिक लागत लाग्ने गर्दछ । यसरी मासिक रू. ६ लाख तीन हजार ७ सय पचास र वार्षिक रू. ७२ लाख ४५ हजार लागत लाग्ने गरेको छ ।

हाल यसलाई गौशाला मात्रै होइन गौसेवा आश्रमको रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयास गरिँदै छ । लागत धेरै लाग्ने भएकाले नाफा वा नोक्सानको हिसाब नहेरी वातावरण संरक्षणमा स्थानीय जातको गाईको महत्त्वपूर्ण भूमिका हुने भएकाले यस्ता गाईको संरक्षण, सम्बर्द्धन गर्न लागिएको हो । स्थानीय गोवंश संरक्षण गर्नाले पृथ्वी बचाउन मद्दत पुग्ने छ ।

हामीले बुद्धिमानीपूर्वक गाईलाई चरणका निमित्त वन जङ्गलमा प्रवेश गर्न दियौं भने एकातिर किसानको अन्नबाली सुरक्षित रहने छ भने अर्कोतिर ती गाईहरू जंगल भित्र रही पूर्णसुरक्षित हुने छन् । जसले सडक दुर्घटनालाई न्यूनीकरण गर्ने छ । गाईको दुधमार्फत पौष्टिक तत्त्वले भरिएको वनस्पतिजन्य खाना खाने छौं । स्थानीय गाईको दुधमा 'ए २' वर्गको भिटामिन पाइने भएकोले यसले वृद्धि बिकास र प्रोटिनको स्रोत निर्माणमा भूमिका खेल्दछ ।

विभिन्न अनुसन्धानात्मक प्रतिवेदनका अनुसार दुध दिने स्तनधारी प्राणीहरू मध्ये मनुष्य र स्थानीय गोवंशको दूधमा बाहेक अन्य कुनै पनि प्राणीको दूधमा स्वर्णक्षार (केरोटिन) पाइँदैन । स्वर्णक्षार आँखा र मस्तिष्कको लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ । गाईको दूध प्रतिदिन पिउनाले बुढोपनले सताउँदैन र बृद्धाअवस्थामा हुने शारीरिक र

मानसिक कमजोरी एवम् पीडा हुँदैन । गाईको दूधले तुरून्त वीर्योत्पादन गर्दछ तर अन्नबाट वीर्य निर्माणमा एक महिना लाग्दछ । बिरामीबाट शिथिल भएका व्यक्तिहरूका लागि स्थानीय गोवंशको दूधले अमृत समान काम गर्दछ । खेतीयोग्य जमिनको उर्वरता कायम राख्न गाईको मलको महत्त्वपूर्ण भूमिका रहन्छ । प्राङ्गारिक मलको उत्पादन बढाउन सके यसले रसायनिक मलको खपत कम हुनेछ । जस्तै गहुँतबाट जैविक झोल मल बनाउन सकिन्छ जुन खेतीका लागि अमृतमय बन्ने छ ।

गोबरबाट उत्सर्जित मिथिन ग्यासलाई परिवर्तन गरेर नेचुरल ग्यासद्वारा पेट्रोल र डिजलबाट चल्ने सवारी साधन सञ्चालन गर्न सकिन्छ । यसबाट कार्बन उत्सर्जनमा कमी ल्याउन सकिन्छ । सय घ. मी. बायोग्यास प्लाण्टबाट २५ के. भि. बिजुली उत्पादन समेत गर्न सकिन्छ । गोबर ग्यासको लेदोबाट गड्यौंला (भर्मी कम्पोस्ट) मल बनाई दानेदार, डि. ए .पी. २१-५४ मल बनाउन सकिन्छ । जसले एकै आर्थिक वर्षमा आयात हुने ३१ अर्ब रूपैयाँ बराबरको रासायनिक मलमाथिको परनिर्भरता कम गरी जैविक मलमा आत्मनिर्भर बन्ने सम्भावना भेटिन्छ । यसबाट औषधीयगुणयुक्त बस्तु पनि बनाउन सकिन्छ । जस्तै गहुतबाट किटाणु प्रतिरोधात्मक गोनाइल बनाउन सकिन्छ । गहुतलाई वाष्पिकरण गरेर गौ अर्क बनाउन सकिन्छ, जसको नियमित सेवन गर्नले बाथ, पित्त, कफ जस्ता त्रिदोषलाई सन्तुलनमा ल्याउन मद्दत पुग्दछ ।

पाकेको गहुत लेदोबाट सेम्पु, नुहाउने, कपडा धुने तथा भाँडा मस्काउने सावुन बनाउन सकिन्छ । गोबरबाट गर्मी र जाडोमा वातानुकुलित राख्न सक्ने गुणस्तरीय इट्टा, टायल, जिप्सम लागायत अनेक रङ्ग र प्रकारमा पेन्ट निर्माण गर्न सकिन्छ । गोबरबाटै सिन्के धुपको विकल्पमा विभिन्न सुगन्धित वनस्पति मिसाएर अगरबत्ती धुप बनाउन सकिन्छ भने गुँइठामा विभिन्न वनस्पति मिसाएर हवन सामाग्री समेत बनाउन मिल्छ । गुइठाको विभूतिबाट प्रीमिक्स मिसाएर केमिकल रहित दन्त मन्जन बनाउन सकिन्छ । गोबरबाटै गोकाष्ठ बनाउन मिल्छ । जसबाट ५ सय किलो दाउरा लाग्ने ठाउँमा २ सय किलोले अन्तिम दाह संस्कार गर्न सकिन्छ । यसले कार्बन उत्सर्जन स्वतः कम हुन्छ ।

गोबरबाट वैदिक चप्पल बनाउन सकिन्छ । यसले उच्च रक्तचाप र चिनी रोगलाई सामान्य अवस्थामा ल्याउन मद्दत गर्छ । गोबरबाट दियो, गमला, मूर्तिकला इत्यादि निर्माण, उत्पादन तथा प्रशोधन गरी बजारीकरण गर्न सक्ने अथाह सम्भावना रहेको छ । यसकारण राज्य स्तरबाटै अध्यन अनुसन्धान गरी गराई उत्पादनमुखी बनाउन प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगार सिर्जना गरी स्वदेशी उत्पादनलाई प्रयोग तथा उपभोग गर्न प्रेरित गर्नु पर्दछ । यस किसिमको कार्यत्रम अगाडि बढाउन सके एकातिर गौ संरक्षण हुन्छ र अर्कोतिर समाजमा स्वरोजगार सिर्जना गर्न सकिन्छ । यसले शहर मुखी प्रवृत्तिलाई निरूत्साही गर्दै गाउँ फर्काउने आधार तयार हुन्छ अनि मात्र देशको अर्थतन्त्र बलियो बनाउन सकिन्छ । ❖

–बसाहा, बर्दा, गौसेवा आश्रम, बर्दिया

गवां सेवा तु कर्तव्या गृहस्थै पुण्यलिप्सुभिः ।
गवां सेवापरो यस्तु तस्या श्री र्वर्धतेऽचिरात् ।
(पद्मपुराण, सृष्टिखण्ड)

अर्थात्, गाईको सेवाले स्वको कल्याण हुन्छ । सम्पत्तिको वृद्धि हुन्छ । निरोगी भएर मनुष्यले आफ्नो जीवन सुखपूर्ण बिताउँछ ।

"पशुन्विसृजता तेन पूर्वं गावो विनिर्मिता"–(स्कन्दपुराण)

अर्थात्, पशुहरूको सृष्टिमा ब्रह्माजीले सर्वप्रथम गौमाताको नै सृष्टि गर्नुभएको थियो । अतः गौमाता विश्वकी नै जननी हुन् । अतः गाई सनातन संस्कृतिको पञ्च प्राणमध्ये एक हो ।

गीता गङ्गा च गायत्री गौश्च गोविन्द एव च ।
सनातनश्च धर्मश्च, पञ्चप्राणाः प्रकीर्तिताः ॥ – (मनुस्मृति)

अर्थात्, गीता, गङ्गा, गायत्री, गाई र गोविन्द यी पाँच सनातन धर्मका प्राणहरू हुन् । गाईविना सनातन संस्कार र संस्कृतिका कार्यहरू गर्न असम्भवप्रायः हुने गर्दछन् । सनातन संस्कृतिलाई कर्म प्रधान मानिएको छ । यज्ञ पनि कर्मकै एक रूप हो ।❖



सूर्यपूजाको महत्व र फल

आकाशमा प्रतिदिन उदाउने को हो ? उसको के प्रभाव हुन्छ भन्ने वैशम्पायनको प्रश्नमा व्यास भन्नुहुन्छ– आकाशमा सधै उदाउने तेज ब्रह्मस्वरूपबाट प्रकट भएको ब्रह्मकै स्वरूप र तेज हो । त्यो तेजस्वरूप ब्रह्मले धर्म, अर्थ, काम, मोक्ष चारवटै पुरूषार्थ प्रदान गर्दछ । पहिले त्यो ब्रह्मतेज अत्यन्त प्रचण्ड थियो । प्रचण्ड तेज सहनगर्न नसकेर समुद्र र नदी नै सुक्तथे । त्यो अवस्था देखेर इन्द्रादि देवता ब्रह्माको शरणमा गए । ब्रह्माले भन्नुभयो– हे देवता हो ! त्यो तेज आदि–ब्रह्मको स्वरूपबाट जलमा प्रकट हुन्छ । जलमा प्रकट भएको तेज र आदिब्रह्मको तेज एउटै हो । त्यो सूर्य हो ।

सूर्यले नै उत्पादन र रक्षा गर्नुहुन्छ । सबै द्विजातिले सूर्यको उपासना गर्दछन् । सन्ध्योपसना गर्दा ब्राह्मणहरू हात उचालेर सूर्योपासना गर्छन् र उनीहरू देवताबाट पनि पूजित हुन्छन् । सूर्यको उपासना र पूजाले रोग, दुःख, दरिद्रता, पाप सबै नासिन्छन् ।

सूर्यको तेजलाई कसरी कम गर्न सकिन्छ र सूर्यलाई कसरी आराधना गरेर सबै प्राणी पापमुक्त हुन पाउँछन् भन्ने देवताहरूको प्रश्नमा व्यास भन्नुहुन्छ– देवताको इच्छा बुझेर ब्रह्माजी सूर्य समक्ष जानुभयो र सूर्यको स्वीकृति लिएर ब्रह्माले विश्वकर्माद्वारा सूर्यको तेजलाई क्षीण बनाउनुभयो ।

विश्वकर्माले घटाएको सूर्यको तेजबाट शिवको त्रिशूल, विष्णुको सुदर्शन चक्र, यमराजको दण्ड आदि धेरै औजार बनेका हुन् ।

कश्यप र अदितिबाट जन्मिएका सूर्यलाई आदित्य भनिन्छ । सूर्य विश्वको अन्तिम सीमासम्म विचरण गर्नुहुन्छ । सूर्य पृथ्वी भन्दा १ लाख योजन माथि छन् । सूर्यको सङ्क्रमणबाट सङ्क्रान्ति बन्दछ ।

सङ्क्रान्तिमा पुण्यकर्म गर्नेहरूले उत्तम फल पाउँदछन् । धनु, मिथुन मीन र कन्या राशीको सङ्क्रान्तिलाई षडशीति र वृष, वृश्चिक, कुम्भ, सिंह राशिको सङ्क्रान्तिलाई विष्णुपदी भनिन्छ । षडशीतिमा गरेको पुण्यकर्मबाट ८६ हजार गुणा फल मिल्छ भने विष्णुपदीमा गरेको पुण्यकर्मबाट लाखगुना र उत्तरायण र दक्षिणायन आरम्भको दिनमा गरेको पुण्यकर्मबाट करोड गुना फल मिल्छ । मकर सङ्क्रान्तिमा सूर्योदय हुनुभन्दा अघि स्नान गर्नु । शुक्लपक्षको सप्तमी, रविवार सूर्यपूजाका

विशिष्ट दिन हुन् । त्यसदिन ब्राह्मण भोजन, दान गरेको पुण्य अनन्त र अक्षय हुन्छ ।

सूर्योपासना विधि र फल

व्यास भन्नुहुन्छ– हे भीष्म ! एकपटक शिवजी आनन्दसँग कैलाशमा बस्नुभएको बेलामा स्कन्दले रविवारको महत्त्व बताइदिन अनुरोध गरे । महादेवले भन्नुभयो– बाबु ! रविवारका दिन सूर्यको पूजा गर्नुपर्छ । सूर्यलाई फूलले अर्घ्य दिएर हविष्यान्न भोजन गरेमा स्वर्गबाट तल झर्नुपर्दैन । रविवार, सूर्य संक्रान्ति र शुक्लपक्षको सप्तमीका दिन सूर्य पूजा गदा पुण्यफल अक्षय हुन्छ सूर्यको पूजा गर्दा आदित्याय विद्महे भाष्कराय धीमहि तन्नो भानु प्रचोदयात् भन्ने सूर्य गायत्री जप गर्नू । सूर्य एउटै भए पनि नाम भेदले महिनै पिच्छे फरक नामले पुजिनुहुन्छ– जस्तै–

वैशाख – तपन,	जेठ – इन्द्र,
आषाढ– रवि,	श्रावण रामस्ति,
भाद्र– यम,	असौज – हिरण्यरेता,
कार्तिक – तपते,	मार्गमा – मित्र,
पौष – विष्णु,	माघ– वरूण,
फागुन सूर्य,	चैत– भानु ।

सूर्य पूजाको मूल मन्त्र– ॐ ह्रां ह्रीं स सूर्याय नमः,

सूर्य प्रार्थना महामन्त्र-

ॐ नमः सहस्र बाहवे आदित्याय नमो नमः ।
नमस्ते पद्महस्ताय वरुणाय नमो नमः ॥
नमस्तिमिर नाशाय श्रीसूर्याय नमो नमः ।
नमः सहस्रजिह्वाय भानवे च नमो नमः ॥
त्वं च ब्रह्मा त्वं च विष्णु रुद्रस्त्वं च नमो नमः ।
त्वमग्निः सर्वभूतेषु वायुस्त्वं च नमो नमः ॥
सर्वगः सर्वभूतेषु वायुस्त्वं च नमो नमः ।
सर्वग सर्वभुतेषु न हि किञ्चित्त्वया विना ॥
चराचरे जगत्यस्मिन् सर्वदेहेव्यवस्थितः ।
इति जप्त्वा लभेत् काम स्वर्गभोग्यादिकं क्रमात् ॥
आदित्यो भाष्करः सूर्यो अर्को भानुर्दिवाकरः ।
सुवर्णरता मित्रश्च पूषात्वष्टा च ते दश ॥
स्वयंम्भू स्तिमिरांशश्च द्वादशः परिकीर्तित ।
नामान्येतानि सूर्यस्य शुचिर्यस्तु पठेन्नरः ॥
सर्व पापाच्च रोगाच्च मुक्तो याति परां गतिम् ।

शिव भन्नुहुन्छ– हे स्कन्द ! शिव, ब्रह्मा, विष्णु, सूर्य भनेका एकै हुन् । कार्य विशेषले नाम फरक मात्र हो । भेद छैन ।

यो सूर्य महात्म्य पढे मात्र पनि रोग, शोकबाट मुक्ति पाई सूर्यलोकमा बास हुन्छ ।❖

(स्रोतः डा. बद्री पोखेलको नेपाली भाषामा अध्यायगत सारांसः श्रीपद्ममहापुराण)

बौद्धनाथ क्षेत्र विकास समितिको अनुरोध

❖ बौद्धनाथ स्तुपा परिसरमा सबै प्रकारका सवारीसाधन निषेध गरिएकोले कुनै पनि सवारीसाधन प्रवेश नगराउनुहुन सुचित गरिन्छ ।

❖ जथाभावी फोहर नगरौं, फोहर सामग्रीलाई निर्धारित स्थानमा फ्याक्ने गरौ । सके सफा गरौं, नसके फोहर चाहिँ नगरौं ।

❖ विश्व सम्पदा सूचिमा सूचिकृत यस बौद्धनाथ क्षेत्रलाई सफा एवम् स्वच्छ राख्न सहयोग गरिदिनुहुन समस्त भक्तजन एवम् पर्यटकहरूमा अनुरोध छ ।

❖ घरपालुवा कुकुरलाई जथाभावी छाडा नछोड्नुहुन समस्त स्थानीय वासीहरूमा अनुरोध छ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं

Boudhanath Area Development Committee

महानगरद्वारा छाडा गाईबाच्छाको व्यवस्थापन

काठमाडौं महानगरपालिकाले महानगर क्षेत्रभित्रका छाडा गाईबाच्छाको व्यवस्थापन कार्य शुरू गरेको छ । महानगरपालिकाले दक्षिणकाली नगरपालिकाको सहकार्यमा सोही नगरपालिका वडा नं. ७ मा रहेको कोपुगाउँ काञ्जी हाउसमा गत कात्तिक २३ गतेबाट छाडा गाईगोरू संकलन गरी संरक्षण गर्न थालेको हो ।

गाईबाच्छाहरूलाई खुवाउन शुरूमै १० मेट्रिक टन साइलेज खरिद गरेर ल्याइसकिएको र काञ्जी हाउसमा गाईबाच्छाको हेरचाह गर्नका लागि २ जना स्थानीयलाई दैनिक ज्यालादारीमा लिइएको महानगरले जनाएको छ । महानगरका अनुसार दक्षिणकाली नगरपालिकाको वडा नं. ७ सँगको सहकार्यमा पानी, विजुलीलगायत सुविधा प्रबन्ध मिलाइएको छ ।

गायत्री परिवारको राष्ट्रिय भेला सम्पन्न

गायत्री परिवार नेपालले राष्ट्रिय भेला सम्पन्न गरेको छ । गत कात्तिक १७ गते जनकपुरधाम अन्तरगत रहेको गायत्री शक्तिपीठमा देव संस्कृत विश्व विद्यालयका उपकुलपति डा. चिन्मय पाण्ड्यको सान्निध्यमा सो भेला सम्पन्न गरिएको थियो । भेलाले गायत्रीका क्रियाशील साधक अमरनाथ गुप्ताको संयोजकत्वमा राष्ट्रिय समितिको चयन गर्नुका साथै सावित्री काफ्लेको संयोजकत्वमा केन्द्रीय महिला समिति पनि गठन गरेको छ ।

वार्षिकोत्सव सम्पन्न

चाँगुनारायण नगरपालिका अन्तरगत न्यौपाने गाउँमा अवस्थित चतुर्वाहु नारायणको वार्षिकोत्वस सम्पन्न गरिएको छ । गत कात्तिक १० गते टोलवासीहरूको सहभागिता एवम् पं. निरज कुइकेलको आचार्यत्वमा श्रीगणेश, देवी, सूर्य, शिव सहित चतुर्वाहु नारायणको पूजा, अर्चना, यज्ञ र हवन समेत गरिएको थियो । सो अवसरमा चतुर्वाहु नारायणको षोडषोपचारले पूजा गरी ११ जना न्यौपाने बन्धुहरूद्वारा १८०० हवन गरियो । कवच, किलक सहितको सप्तशती चण्डीपाठ गोकर्णप्रसाद न्यौपाने, रमेशराज न्यौपाने, दामोदर न्यौपानेले गर्नुभएको थियो भने कर्ताको रूपमा चतुर्वाहु नारायणको पूजा शङ्करप्रसाद न्यौपाने, रूद्रि बद्रिप्रसाद न्यौपाने, विश्वनाथ न्यौपाने तथा माधव न्यौपानेले सम्पन्न गर्नुभएको थियो । कार्यक्रमको व्यवस्थापन सागर न्यौपाने, बिन्दू खड्का, सावित्री न्यौपाने तथा निर्मला न्यौपानेले गर्नुभएको थियो । पूजा समापन पछि भगवान्को गुणानुवाद गरिनुका साथै सहभागीहरूलाई प्रसादीको व्यवस्था गरिएको थियो ।

नवरात्रभर चण्डीपाठ

भक्तपुरको चाँगुनारायण नगरपालिका नगरपालिका वडा नं. २ मा अवस्थित प्रसिद्ध त्रिपुरासुन्दरी भद्राक्षीदेवी मातेश्वर महादेव मन्दिर परिसरमा मन्दिर समितिको सक्रियतामा पहिलो पटक नवरात्रभर ब्राह्मणहरूद्वारा सप्तशती चण्डी पाठ गरिएको छ । गत आश्विन २८ गते घटस्थापनाबाट प्रारम्भगरी कात्तिक ६ गते सोमबारसम्म नौ जना ब्राह्मणद्वारा दैनिक कवच, किलक, अर्गला स्तोत्र तथा देव्यापराध क्षमा स्तोत्र पाठ गरिएको थियो । सो कार्यक्रमको कर्ताको रूपमा मन्दिर संरक्षण समितिका सचिव प्रकाश आले रहनुभएको थियो । नवमीका दिन समापनका अवसरमा आफ्नो मन्तव्यका क्रममा मन्दिर संरक्षण समितिका अध्यक्ष विदुर आलेले यस प्रकारको कार्यक्रमलाई आगामी दशैंका नवरात्रिमा समेत निरन्तरता दिने बताउनुभयो । लामो इतिहास बोकेको यस मन्दिरमा नवरात्रका अवसरमा व्यक्तिगत रूपमा पाठ गरिएपनि सामुहिक रूपमा भने यस प्रकारको कार्यक्रम पहिलोपटक सञ्चालन गरिएको हो ।❖

भूकम्पको जोखिमबाट सूरक्षित बनौं !

- ❑ भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- ❑ घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔ ।
- ❑ प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- ❑ भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- ❑ भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- ❑ धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- ❑ भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।

गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com

मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

गौरी मासिक पत्रिकाको निरन्तरताको निम्ति अक्षय कोष निर्माणको लागि यहाँको सानो सहयोग हाम्रो लागि अमूल्य रहनेछ । सहयोगको निम्ति-

eSewa
GAURI PUBLICATION
9851053601

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौ, फोनः ०१-४०२२५४४

हार्दिक निमन्त्रणा
श्रीशताक्षी गोरक्षा महोत्सव २०८०

- श्रीस्कन्द महापुराण कथा प्रवचन, सुरभि महायज्ञ
- श्रीशालग्राम भगवान्को अर्चना, तुलसी-शालग्राम तथा सीता-राम भगवान्को विवाह उत्सव
- विविध कार्यक्रमहरू

मितिः २०८० मङ्सिर २४ गतेदेखि पौष ५ गते पर्यन्त ।
स्थानः श्रीगोलोक गोवर्धन गौशाला, श्रीशताक्षीधाम, शिवशताक्षी- ११, झापा
सम्पर्कः ९८४२६३३२७२, ९८५२६७७०००, ९८१६०१२१८०

सद्वीजारोपण मार्ग



पशुपति मन्दिर क्षेत्रलाई सफा राखौं

पशुपति क्षेत्र विकास कोष
देवपत्तन, पशुपति, काठमाडौं

गोहुका (मक्षेहुनिदनं) १०/०६७/०६८